# भूमि अधिकार

वर्ष ११, पूर्णाङ्क ३२, चैत २०६९




- देशभर भ□मि अधिकार सभा
- महिला किसानको सम्मेलन
- सेनेगलका सिकाई

# भूमि अधिकार

वर्ष ११, पूर्णाङ्क ३२, चैत २०६९

## आवरण

### देशभर भूमि अधिकार सभा ३



### महिला किसान सम्मेलन १४



### किसान जागरण अभियान २५



भूमि सभाका सन्देशहरू.......................... १
सुकुम्बासी ........................................ ६
मोही सम्मेलन...................................... ९
आफैँ जाग्नुपर्छ .................................. १२
अगुवा अनुभूति .................................. १३
सेनेगलबाट सिक्न सकिने पक्ष.................. १८
यात्रा ........................................ २०
गतिविधि......................................... २२
पाठक पातो .................................. ३०

प्रकाशक
CSRC आत्मनिर्भर केन्द्र
सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (सिएसआरसी)
पोष्ट बक्स नम्बर १९७१०, भूमि घर, धापासी–८ काठमाडौँ, नेपाल
फोन ९७७–१–४३६०४८६, फ्याक्स ४३५७०३३
इमेल landrights@csrcnepal.org, website -www.csrcnepal.org

# अलमलमा भूमि सवाल

जब नयाँ सरकार आउँछन्, उनीहरूले गर्ने नियमित काममध्ये एउटा हुने गर्छ -सुकुम्बासी आयोग गठन । अनि भूमि अधिकारबाट बञ्चितले सोच्छन् कि अबचाहिँ केही हुन्छ। तर यस्तो सोच्न थालेको वर्षौं बिते पनि भएकोचाहिँ केही छैन । जसले आयोग गठन गरेको हो, उसैको पार्टीका र आफन्त केहीले जागिर पाउनेबाहेक भूमिहीनका लागि केही लछारपाटो अहिलेसम्म लागेको छैन ।

उता भूमिसम्बन्धी समस्या समाधान गर्ने भनेर सरकार आयोग बनाउँछ । लाखौं खर्चेर प्रतिवेदन तयार गर्न लगाउँछ । तर ती प्रतिवेदन सार्वजनिकसमेत गरिन्न । पछिल्लो पटक भूमि अधिकार मञ्चको दबाबका कारण दुई आयोगका प्रतिवेदन सार्वजनिक त भयो तर ती पनि कार्यान्वयनमा आउन सकेनन्। अर्थात् भूमि अधिकारबाट बञ्चित किसानले प्रतिवेदन हेरेरै चित्त बुझाउनुपर्ने अवस्था छ ।

गुठीको ताल उस्तै छ । श्रम एउटा गर्छ, फल अर्कै खान्छ । कुत कहाँ र कस्ले किन र कुन प्रयोजनका लागि लगिरहेको छ वा त्यो सदुपयोग भएको छ कि छैन भन्ने कसैलाई थाहा छैन्। एकातिर विद्यालय, मन्दिर जस्ता आफैं काम गर्न नसक्ने भौतिक संरचना जमिनदार हुने अर्कोतिर माटोमा श्रम गरेर बाँच्नुपर्ने मानिससँग भने आफ्नो एक धुर/आना जग्गासमेत नहुने कहीँ नभएको अचम्म पनि यही देशका गरिब किसानले देख्नुपरिरहेको छ।

हो, अहिले मुलूकमा स्थायी सरकार छैन । मुलूक संक्रमणकालबाट गुज्रिएको पनि धेरै भइसक्यो तर सार्वजनिक भइसकेका प्रतिवेदन, भइरहेका कानूनी व्यवस्था र सुकुम्बासी आयोगहरूलाई दिइएको अधिकार अनुसार काम गर्न कसैले रोकेको छैन्। न त यसका लागि बहुमतको सरकार नै चाहिन्छ, न संविधान नबनेकै कारण यस्ता काम रोकिनु आवश्यक छ। तर पनि विभिन्न बहानामा भूमि अधिकारबाट बञ्चितले न्याय पाइरहेका छैनन्। यही अवस्था हो, जसले गरिब किसानका समस्या झन् झन् वृद्धि गराउँदै लगेको छ ।

भूमिपीडितहरुले पूर्ण न्याय पाउनका लागि कानून पूर्ण छैनन्। बहुमत प्राप्त सरकारले इच्छाशक्ति देखाउनु पनि उत्तिकै जरूरी छ। तर यसो भन्दैमा उनीहरूका पक्षमा कानून नै नभएका भने हैनन्। भएका कानूनमात्र लागु गर्न सकिए पनि हजारौं भूमिहीन र भूमिपीडितले न्याय पाउन सक्ने अवस्था छ तर यो वा त्यो बहानामा भएकै नीति पनि लागु नहुनाले भूमि अधिकारबाट बञ्चित किसानहरूले लामो समयदेखि आन्दोलन गरिरहनुपरेको छ। ठेगान छैन ! अझै यसरी सङ्घर्ष गरिरहनुपर्ने मिति कहिले टुङ्गिने हो ?

त्यसैले अहिलेको सरकारले गर्न सक्ने के के हो ? कर्मचारीले गर्न सक्ने के के हो ? सहयोगी संस्थाहरूले गर्न सक्ने काम के के हो ? दलहरुले कसरी सघाउन सक्छन् ? पीडितको के भूमिका हुन्छ ? नागरिक समाज, सञ्चारकर्मी जस्ता अन्य सरोकारवालाको भूमिका के रहन्छ ? जस्ता विषयमा स्पष्ट हुनु जरूरी छ। यसपछि आ-आफ्नो ठाउँबाट सकिने जति काममात्र गर्न सके भूमि अधिकारबाट वञ्चित धेरै किसानले न्याय पाउने अवस्था सिर्जना हुन्छ। अरूको मात्र मुख ताक्ने र दोष जति अरूलाई थोपर्ने प्रवृत्तिले भूमि क्षेत्रमा रहेका समस्या छिमोल्न सघाउँदैन ।

# भूमि सभाका सन्देशहरू

राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल भूमिमा श्रम गर्ने तर अधिकारबाट वञ्चित जनताको संगठन हो । २०६१ पुस ४-६ मा प्रथम राष्ट्रिय सम्मेलन काठमाडौंमा सम्पन्न भएपछि हालसम्म यो मञ्चको तेस्रो राष्ट्रिय सम्मेलन पनि भइसकेको छ। यस अवधिसम्म देशका ५३ जिल्लामा सङ्गठन विस्तार गरी २ हजार ५ सय ४१ गाउँ भूमि अधिकार मञ्च गठन भई क्रियाशील छन्। मञ्चमा ८६ हजार ८ सय ९४ सदस्य सङ्गठित भइसकेका छन्। जसमा २ लाख ९ हजार ४ सय ३ परिवारका सदस्य समेटिएका छन् ।

देशभर रहेका सङ्गठनमा भूमि अधिकार अभियानका लागि करिब ९ हजार अगुवा परिचालित हुन्छन् भूमि अधिकारबाट वञ्चितलाई सङ्गठित गर्ने, क्रान्तिकारी भूमि सुधार तथा कृषि सुधारको पक्षमा जनमत निर्माण गर्ने, भूमिको पुनर्वितरण र सही व्यवस्थापनका लागि आवश्यक नीति निर्माण र सोको कार्यान्वयनमा प्रभावकारी भूमिका खेल्नु नै मञ्चको भूमिका रहनेछ ।

राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालले देशका विभिन्न दश स्थानमा बृहत् जनप्रदर्शनसहित भूमि अधिकार सभा गरेको छ । 'सुरक्षित घरबास सबैलाई, खेतीयोग्य जमिन किसानलाई' भन्ने मूल नाराका साथ चैत १ देखि वैशाख ३ गतेसम्म भूमि अधिकार सभा भएका छन् ।

राजनीतिक पार्टीहरूले आफूले गरेका प्रतिबद्धता बिर्सी भूमि सुधारको मुद्दालाई ओझेलमा पारिरहेका छन् । गरिबहरूको जनजीवन अस्तव्यस्त बनाउन बस्ती उठिबास गर्ने जघन्य आपराधिक घटनाहरू बढ्दो छ । यी र यस्ता विषयवस्तुलाई मध्यनजर गर्दै देशभर जनप्रदर्शन र भूमि सभामार्फत् सरकार र राजनीतिक पार्टीहरूलाई दबाव दिन कार्यक्रम आयोजना गरिएको हो ।

यस क्रममा कञ्चनपुको भीमदत्तनगर, बर्दियाको बाँसगढी, दाङको घोराही, रूपन्देहीको भैरहवा, सिन्धुपाल्चोकको मेलम्ची, रौतहटको चपुर, सिरहाको लहान, मोरङको बेलबारी, खोटाङको हलेसी र पर्वतको कुष्मामा बृहत् भूमि अधिकार सभा गरियो ।

## यस्तो थियो सभा

चैत १ मा सुदूरपश्चिमका भूमि अधिकारबाट बन्चितले कञ्चनपुरमा गरेका भूमि सभामा बैतडी, डडेल्धुरा, कैलाली, कञ्चनपुर, डोटी, बाजुरा, अछामका हजारौं भूमिहीन, सुकुम्बासी, हलिया, बाढीपडितको सहभागिता थियो । नर्सिङ क्याम्पसबाट र्‍याली निकाली भीमदत्तनगरको स्मारिका प्राङ्गणमा भएको सभामा छलिया, डङ्गुवा नाचसहित विभिन्न सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिएको थियो सभामा कृष्णपुरका कर्ण बाँनियाले वर्षौंदेखि कमाउँदै आएको ऐलानी जग्गाको पुर्जा नपाएको, पीडितले दुःख पाईरहेको बताए । टिकापुरकी कोकिला सार्कीले सरकारले भूमिहीनसँग सम्झौता गरेपनि अहिले सम्म सहयोग नगरेको दुखेसो पोख्नुभयो । बाजुराकी पवित्रा विकले महिलाको जमिनमा स्वामित्व हुनुपर्ने बताउनुभयो । टिकापुरका तिलकबहादुर शाहीले सर्प बिच्छीले टोक्ने ठाउँमा बसेका सुकुम्बासीले सुरक्षित बास समेत नपाएको पीडा पोख्दै यथासक्य चाडाँ सरकारले सुरक्षित बासको व्यवस्था गर्नुपर्ने बताउनुभयो ।

यसैगरी चैत ५ मा बर्दियाको बाँसगढीमा आयोजित सभाका क्रममा बाँसगढी बजारदेखि र्‍याली, जुलुससहित बजार परिक्रमा गरी सभा भयो । सभामा दैलेख, सुर्खेत, बाँके र बर्दिया जिल्लाका हजारौं भूमिपीडित किसानको उपस्थिति



● सोमप्रसाद भण्डारी

थियो । सभामा बर्दियाकी देवी घर्ती, बाँकेका भगौती रैदास, सुर्खेतका शिव शर्मा र दैलेखका अक्कल तिवारीले किसानहरूलाई राजनीतिक दलले धेरै झुक्याउने गरेकाले अब भूमि अधिकारबाट वञ्चित किसानहरू आफैं सचेत भएर अघि बढ्ने बताए । गरिब किसानहरू एकजुट भएका छन् भन्दै उनीहरूले अब किसानको माग सुनुवाई नगरे राजनीतिक दललाई सहयोग नगर्ने चुनौती दिए । सभामा बोल्दै एनेकपा (माओवादी) का केन्द्रीय सदस्य अथक र नेकपा एमालका नेता दलबहादुर सुनुवारले संविधानबाटै भूमिसुधारको मुद्दा निर्ष्कषमा पुऱ्याउन मञ्चका प्रतिनिधिलाई सँगै लाने बताए ।

चैत ८ मा दाङको घोराहीमा भएको भूमि अधिकार सभामा सल्यान, प्युठान र दाङका भूमि अधिकारबाट वञ्चित ४ हजार किसानको सहभागिता थियो । घोराहीको ट्राफिक चोकदेखि निस्केको र्‍याली घोराही बजार परिक्रमा गरी जिल्ला विकास समितिको शहीद मञ्चमा पुगेर सभामा परिणत भएको थियो । सभामा प्युठानका दामोदर शर्मा, दाङकी हिमा विक र बुद्धिराम चौधरीले पुस्तौंदेखि धेरै मानिस भूमिहीन छन्, श्रम गरे पनि भूमिको अधिकारबाट वञ्चित छन्, दिनहुँ मनमा डर त्रास लिएर बाँच्नुपरको छ भन्दै अब सबैलाई बराबर बाँच्ने हैसियत दिनुपर्ने माग राखे । उनीहरूले संविधानमा नै भूमि सुधारको सवाल सम्बोधन गरिनुपर्ने नत्र किसानले न्याय पाउन नसक्ने जिकीर पनि गरेका थिए ।

चैत १२ गते रूपन्देहीको भैरहवामा भएको सभाअघि र्‍याली निकालियो । सभामा रूपन्देही, नवलपरासी, चितवन, पाल्पा र कपिलवस्तुका ४ हजार किसानको सहभागिता थियो ।

सभामा पाल्पाका रोमबहादुर राना, रूपन्देहीका राजकुमार हरिजन, नवलपरासीका रामअवतार हरिजन र चितवनका दमन चेपाङले हामी नेपाली नागरिक हौँ तर जोतिरहेको जग्गामा पूर्ण अधिकार छैन भन्दै भूमि अधिकार प्राप्तिका लागि लागिरहने बताएका थिए । प्रजातन्त्र र गणतन्त्र स्थापनाका लागि हामीले आन्दोलन गर्‍यौं तर अझै भूमि अधिकार पाएनौं भन्दै वक्ताहरुले सोधे के यही हो गणतन्त्र ? अब सबै भूमि अधिकारबाट वञ्चितहरू एकजुट हुनुपर्छ र भूमि सुधारको खाका तयार गर्नुपर्छ भन्दै वक्ताहरूले त्यसमा सबै वर्गका किसानको हित हुनेखालको योजना बन्नुपर्ने भनाई पनि राखे ।

चैत १५ गते सिन्धुपाल्चोकको मेलम्चीमा भएको भूमि अधिकार सभामा रसुवा, नुवाकोट, ललितपुर र सिन्धुपाल्चोकका एक हजार किसानको सहभागिता थियो । मेलम्ची बजार मा नारा जुलुससहित र्‍याली गरी सुरू भएको सभामा जिल्ला भूमि अधिकार मञ्चका सदस्य जीवनाथ घोरासैनीले नेताले गाउँमा आएर समस्या समाधान गर्ने भन्छन् तर चुनाव जितिसकेपछि बाचा बिर्सन्छन् भन्दै किसानको पक्षमा बोल्ने कोही पनि नभएको दुःखसो पोखे । राम्चे गाउँ भूमि अधिकार मञ्चकी डम्मरकुमारी थामीले मोहीका समस्या सुनुवाई भएन्, मालपोतमा निवेदन हालेको ३ वर्ष भइसक्यो तर पनि केही भएको छैन भन्दै अब भने किसानलाई सहयोग नगर्ने नेतालाई भोटै नदिने बताइन् । हेलम्बूका मोही किसान ग्याल्जेन लामाले संविधानमा किसानको अधिकार सुनिश्चित गराउनु जरूरी रहेको बताए ।

सभामा बोल्दै नेकपा एमालको पोलिट् व्यूरो सदस्य प्रकाश ज्वालाले क्रान्तिकारी भूमिसुधार विना मुलूक अगाडि बढ्न सक्दैन् भन्दै भूमिसुधार गर्ने हो भने सबै पार्टीले भूमिअधिकार मञ्चका प्रतिनिधिलाई संविधान सभामा सँगै लानुपर्ने र नेकपा एमालले लाने प्रतिवद्दता व्यक्त गर्नुभयो ।

चैत २० गते रौतहटको चन्द्र निगाहपुरमा भएको भूमि सभामा नेकपा एमालेका अध्यक्ष झलनाथ खनालले एमालेलाई बहुमत दिएर जिताउने हो भने भूमिहीनको माग र मुद्दा अक्षरशः कार्यान्वयन गरी संविधानमा भूमि सुधारको मुद्दा सुनिश्चित गराउने बताए । सभामा मकवानपुर, सिन्धुली, सर्लाही, बारा, पर्सा, महोत्तरी, धनुषा र रौतहट जिल्लाका ५ हजार ५ सय भूमि अधिकारबाट वञ्चितको सहभागिता थियो । चैत २३ गते र्‍यालीसहित सिरहाको लहानमा बजार परिक्रमा गरी पशुपति माविको प्राङ्गणमा आयोजना भएको भूमि सभामा सप्तरी, सिरहा र उदयपुर जिल्लाका भूमि अधिकारबाट वञ्चित ५ हजार किसानको सहभागिता थियो ।



सभामा स्थानीय राजनीतिक दलका नेताहरूले भूमि अधिकार मञ्चको मागलाई आ-आफ्नो पार्टीका तर्फबाट सहयोग गर्ने र पार्टीको घोषणापत्रमा पनि समावेश गराउने बताए ।

त्यसैगरी २३ गते नै पूर्वाञ्चलको मोरङको बेलबारीमा पनि भूमि अधिकार सभा भयो । र्‍यालीसहित बेलबारी बजार परिक्रमा गरी तमु गुम्बाको मैदानमा भएको सभामा सुनसरी, मोरङ, झापा, धनकुटा, सङ्खुवासभा र तेह्रथुमबाट ५ हजार भूमि अधिकारबाट वञ्चित किसानको सहभागिता थियो । कार्यक्रममा विभिन्न राजनीतिक पार्टीका जिल्लास्तरीय नेताहरूले किसानका मुद्दालाई प्रमुख एजेण्डा बनाएर चुनावी सभामा जाने प्रतिबद्धता व्यक्त गरेका थिए ।

चैत ३० गते खोटाङको हलेसिमा क्षेत्रीय भूमि अधिकार सभा भयो । सभामा रामेछाप, ओखलढुगा र खोटाङका गरि एक हजार भूमिअधिकरबाट बन्चित किसानको उपस्थिती थियो । हलेसिको महेन्द्र उमाविको प्राङ्गणबाट र्‍याली गरि हलेसी बजार परिक्रमा पछि सभा कार्यक्रम भयो । सभाको अवसरमा संयुक्त पूर्जा बनाउने जोडिलाई सम्मान गरियो । सभामा किसानहरूले आफूहरूलाई सहयोग नगर्ने नेतालाई भोटै नदिने बताए । किसानहरूले संविधानमा किसानको अधिकार सुनिश्चित गराउनु जरूर रेहेका बताए । सभामा राजनीतिक दलका नेताहरूले भूमि अधिकार मञ्चले गरेको कामको स्वागत गर्दै नयाँ संविधानमा भूमिको मुद्दालाई समेट्ने बाचा दोहर्‍याएका छन् ।

२०७० बैशाख ३ गते पर्वतको कुश्मामा क्षेत्रीय भूमिअधिकार सभा भयो । बडगाउँबाट र्‍याली शुरू भई बान्देबिडी चौरमा सभा कार्यक्रम भयो । सभामा बाग्लुङ, स्याग्दी, पर्वत र कास्कीका पाँच सय भूमिअधिकारबाट बञ्चित किसानहरूको सहभागिता थियो ।

पर्वत बाच्छाका गंगा विक र बाग्लुङका सरस्वती विकले भूमिहीनहरू भूमि नभएको कारण भूमिहीनहरू मर्नु न बाच्नुको अवस्थामामा रहेको बताए ।

सभामा उपस्थित राजनीतिक दलका नेताहरूले भूमिहीनको पीडा अव सहन नसक्ने खालको हुदै गएकाले सबैले सकरात्मक सहयागे गर्नुपर्ने बताए । दलका नेताहरूले भूमिसुधारको मुद्दा संविधानबाट नै नसुधारेसम्म किसानको हित नहुने बताए ।

# भूमि अधिकार सभाका उद्घोष

सभामा भेला भएका भूमि अधिकारबाट बञ्चितहरूले आफ्ना समस्या सुनुवाई नभएकोमा असन्तुष्टि व्यक्त गर्दै आफ्ना धारणा प्रष्टरूपमा राख्ने काम गरे । उनीहरूले ६२ वर्षको अन्तरालमा भूमि सुधारको ठोस ढाँचासमेत बनेन् भन्दै कसैको आश्वासन नमान्ने उद्घोष पनि गरे । सँगै उनीहरूले भूमि सुधारका विरोधीलाई सहयोग नगर्ने चेतावनीसमेत दिए ।

यसैगरी जमिनमा आफैं श्रम गर्ने जोताहा महिला एवम् पुरूष किसानका पक्षमा भूमि सुधार गर्ने स्पष्ट संवैधानिक व्यवस्था गरिनुपर्ने माग राख्दै सभामा वक्ताहरूले संविधानमा भूमिमा श्रम गर्नेले भूमिको अधिकार पाउने व्यवस्था राख्नैपर्ने अडान दोहोऱ्याए । भूमि देशको समृद्धिसँग जोडिएको विषय हो भन्दै उनीहरूले यसका लागि चुनावी घोषणापत्रमा स्पष्ट लेखिनुपर्ने माग पनि गरे । राष्ट्रिय भूमि अधिकार मञ्च नेपालको सङ्घर्षपछि नै वैज्ञानिक भूमि सुधारसम्बन्धी आयोगका प्रतिवेदन सरकारले सार्वजनिक गरेको छ । ती प्रतिवेदन यथाशीघ्र कार्यान्वयनमा ल्याउनुपर्ने माग पनि कार्यक्रमहरूमा उठ्यो ।

त्यसैगरी गरिब बस्तीमा आगो लगाउने र जोतिरहेको जग्गाबाट बेदखल गर्ने कार्य पूर्णतया रोकिनुपर्ने माग गर्दै उनीहरूले सुरक्षित आवास र खान पाउनु हरेक नागरिकको आधारभूत मानव अधिकार भएकोतर्फ पनि सरकारको ध्यानाकर्षण गराएका थिए । सुकुम्बासी आयोगले सुकुम्बासीकै भविष्यमा खेलबाड गरिरहेको छ । सुकुम्बासीको अधिकार सुनिश्चित नगर्ने हो भने आयोगको गतिविधिले असन्तोषमात्र बढाउनेछ भन्दै यस विषयमा राजनीतिक दलहरू सचेत हुनुपर्ने माग पनि जोडदाररूपमा उठ्यो । सुकुम्बासी आयोगले सुकुम्बासीलाई तुरून्त जग्गा वितरण गर्नुपर्ने माग पनि भूमिहीनले गरे ।

भूमि सुधारको मुद्दा मोहियानी हक, गुठी जग्गा रैकर, भूमि अधिकारबाट वञ्चितको भूस्वामित्व, समग्र भूउपयोग, भूस्वामित्व, कृषि सुधार, खाद्य अधिकार, दिगो जीविका र न्यायपूर्ण समाज निर्माणको विषय हो । भूमि सुधारविना कृषि सुधार सम्भव छैन् र कृषि सुधारविना उत्पादन वृद्धि हुँदैन् । तर अहिले भूमि सुधार गरिबको मात्र मुद्दा ठानिनु भनेको साघुँरो सोचाई हो भन्दै देशव्यापीरुपमा आयोजित सभामा यस्तो नसोच्न पनि सबैलाई आग्रह गरियो ।

त्यसैगरी भूमि सुधारको मुद्दालाई फराकिलो आयमबाट अघि बढाउन जनमत निर्माण गर्दै जाने उद्घोष पनि यी सभाले गरे ।

जमिनमा महिलाको हक स्थापित गर्न संयुक्त जग्गाधनी पूर्जा अभियानलाई बस्ती बस्तीमा लैजानुपर्ने धारणा व्यक्त गर्दै सभाका वक्ताले संयुक्त जग्गाधनी पूर्जा सामान्य पूर्जा नभई यो महिला हिंसा अन्त्य, न्याय स्थापना र महिलाको आत्मसम्मानको आधार भएकोमा जोड दिए । यही कारण भूमिमा महिला किसानको आन्दोलनलाई केन्द्रित गर्ने भनाई पनि उहीहरूको रह्यो ।

जमिन जोतिरहेको मोहीलाई कुनै पनि कारणबाट कसैले पनि बेदखल नगर्न चेतावनी दिँदै सभाले कसैले बेदखली गरेमा त्यसको कडा प्रतिवाद गरिने चेतावनी पनि दियो ।

यसरी नै गुठी जग्गाको कुनै पनि कुत वा वक्यौता नबुझाउने प्रतिबद्धता पनि त्यस क्रममा व्यक्त गरियो ।

२०६४ सालदेखि मोही जग्गा बाँडफाँट प्रक्रिया रोकिएको र भूमि सुधार कार्यालयहरू मिलापत्रको नाममा जग्गाधनीसँग मिली मोहीलाई नाममात्रको हक दिने र मोही लगत कट्टा गर्ने कार्यमा सरिक रहेकामा सभाका वक्ताहरुले त्यसो नगर्न पनि खबरदारी गरे । यसैगरी प्लटिङ र व्यावसायिक खेतीका नाममा खेतीयोग्य जग्गा घट्दै गएकामा चिन्ता व्यक्त गर्दै उनीहरूले यसबाट सबभन्दा बढी साना किसान र मोही किसानको अधिकार खोसिएको दाबी गरेका थिए ।

खेतीयोग्य जग्गालाई कुनै पनि मूल्यमा गैरकृषि प्रयोजनमा उपयोग गर्न नपाइने व्यवस्था हुनुपर्नेमा उनीहरूको जोड थियो ।

भूमि अड्डाका भ्रष्ट भनिएर चिनिएका कर्मचारीलाई कारबाही गर्नुपर्ने माग पनि सभाहरूमा उठ्यो । नत्र त्यस्ता कर्मचारीविरूद्ध भूमि अधिकार मञ्चले नै अभियान छेड्ने चेतावनी पनि सभाका वक्ताहरूले दिएका थिए ।

# सुकुम्बासीले के पाए ?



● नरिराम लोहार

देशमा धेरै परिवर्तन भए पनि प्रजातान्त्रिक आन्दोलनसँगै उठेको भूमि सुधारको मुद्दा अहिलेसम्म किसानको पक्षमा हुन सकेको छैन् । सरकारले भूमिहीन, सुकुम्बासीको आन्दोलनलाई मत्थर पार्न सुकुम्बासी समस्या समाधान आयोग गठन गर्दै आए पनि सुकुम्बासीका समस्या समाधान गर्नुभन्दा कार्यकर्तालाई रोजगारी दिन र सरकारी जग्गाको कारोबारका लागि काम गर्ने गरेको दृष्टान्त हाम्रासामु छन् । पछिल्लो पटक भक्ति लामिछानेको अध्यक्षतामा बनेका आयोगले पनि यही प्रवृत्ति दोहोऱ्याइरहेको छ ।

डा. बाबुराम भट्टराई नेतृत्व सरकारले सुकुम्बासी पहिचान गरी तिनीहरूका समस्या समाधान गर्न आयोग गठन गरे पनि उक्त आयोगले पनि काम गर्न सकेन् जबकि २५ जिल्लामा सुकुम्बासी समस्या समाधान जिल्ला समिति बनेका छन् ।

आयोगले सरकारले तोकको अधिकार प्रयोग गरी केन्द्रीय अध्यक्षले ३५ हजार र सदस्यहरूले ३१ हजार ५ सयका दरले मासिक पारिश्रमिक लिन्छन्, बैठकमा १ हजार भत्ता र अध्यक्षले सवारी साधनवापत मासिक १८० लिटर पेट्रोल सुविधा पनि लिन्छन् । जिल्ला तहका अध्यक्षले प्रथम श्रेणीको अधिकृतसरह पारिश्रमिक पाउने र मासिक १२ हजारका दरले यातायात खर्च पाउने व्यवस्था छ । बैठकमा ५ सयका दरले भत्ता र सरकारको राजपत्राङ्कित द्वितीय श्रेणीको अधिकृतसरह दैनिक भ्रमण भत्ता पाउने व्यवस्था गरिएको छ । आयोगका पदाधिकारीले तलव भत्तामात्र खाने तर भूमिहीन सुकुम्बासीहरूको पक्षमा भने केही नगर्ने प्रवृत्ति देखिएको छ ।

आयोग गठन भएपछि सुकुम्बासीले आफ्ना समस्या समाधान हुने धेरै आशा गरेका थिए । त्यो आशा अहिलेसम्म आशामै सीमित छ । पहिलो पटकलाई ६ महिना समयावधि तोकिएको आयोगले एक वर्ष बितिसक्दा पनि निवेदन सङ्कलन गर्नसमेत सकेको छैन् । कञ्चनपुरका सुकुम्बासीले गाविसमा बुझाएका निवेदनहरू २ पटकको म्याद सकिँदासम्म आयोगको जिल्ला समितिमा पुग्न नसक्नु र कैलालीमा ९० हजार निवेदन परेको भनी सार्वजनिक गरिनु र पछि ४४ हजारमात्र भएको भन्नुले पनि आयोगले कामसमेत गर्न नसकेको स्पष्ट हुन्छ । सुकुम्बासीलाई जग्गा उपलब्ध गराउन बनेको आयोग परिचयपत्रसम्म दिन नसक्ने अवस्थामा छ । भूमि अधिकार मञ्चको दबाबमूलक अभियानपछि कर्मचारीको असहयोग र बजेट अभावले काम गर्न नसकिएकाले ढिलाई भएको आयोगले स्पष्टीकरण दिइरहेको छ । कर्मचारीको संलग्नता रहेका विगतका आयोगले काम गर्न नसकेको थाहा हुँदाहुँदै उनीहरूलाई नै आयोगमा संलग्न गराउने कारण के थियो ? बजेट नभएको आयोगमा बसिरहनुको कारण के हो ? गाविसले सबै काम गर्थ्यो भने आयोगको आवश्यकता किन ? आयोगले परिचयपत्र वितरणलाई व्यापार बनाउने प्रयास गर्नु झन्

**डा. बाबुराम भट्टराई नेतृत्व सरकारले सुकुम्बासी पहिचान गरी तिनीहरूका समस्या समाधान गर्न आयोग गठन गरे पनि उक्त आयोगले पनि काम गर्न सकेन् ।**

दु:खको कुरा हो । गाविसको सिफारिस लिई तयार भइसकेका परिचयपत्रमा आयोगका सदस्यसचिवले दस्तखत गर्न नमान्नुको कारण के हो ? केन्द्रीय आयोगले यसको अनुगमन कसरी गर्छ ? परिचयपत्र वितरण गर्दा सुकुम्बासीबाट शुल्क लिने कुरा आयोगका बैठकमा उठ्नु अन्याय हो । यसको नियन्त्रण कसरी हुन्छ ? तोकिएको पारिश्रमिक लिने तर काम गर्न नसक्नेलाई जिम्मेवार बनाउने प्रक्रिया के हो ? प्रश्न धेरै छन् ।

आयोगको काम सुकुम्बासीका समस्या समाधान गर्ने हो । उनीहरूलाई सास्ती दिने होइन् । अहिले सास्ती भइरहेको छ । गाविसबाट सिफरिस लिँदादेखि सुकुम्बासीबाट राजश्वको नाममा रकम असुल गर्न थालिएको छ । परिचयपत्र लिनेबाट १ हजार ५ सयसम्म उठाउने कुरा गाउँमा सुनिएपछि सुकुम्बासीहरू झन् चिन्तामा परेका छन् ।

आयोग गठन प्रक्रियादेखि नै सहकार्य गरी सुकुम्बासीका प्रमाण सङ्कलन गर्न, छानविन गर्न र प्रचारप्रसार गर्न सघाउँदै आएको भूमि अधिकार मञ्च, आयोगले दुई पटकको म्याद काम नगरी गुजारेपछि दबाबमूलक अभियान चलाउने निश्कर्षमा पुग्यो ।

कैलाली र कञ्चनपुरमा जिल्ला मञ्चको बैठक गरि दबाबमूलक आन्दोलनको योजना तय गरियो र आयोगका अध्यक्षलाई भेटी अभियानबारे जानकारी गराइयो । त्यसपछि पनि मञ्चको मागबारे सुनुवाई नभएपछि प्रमुख जिल्ला अधिकारी, स्थानीय विकास अधिकारी, जिल्ला वन अधिकृत, मालपोत अधिकृत र राजनीतिक दलसँग भेटघाट अभियान चलाइयो । यस अवधिमा पनि आयोगका पदाधिकारीले जिम्मेवारीबाट पन्छिन एक अर्कालाई आरोप लगाउने प्रवृति देखाएपछि अनिश्चितकालीन धर्ना सुरू भयो । यसले आयोगलाई काम गर्न बाध्य बनायो । आयोग काम गर्न तयार भए पनि मञ्चले दबाबमूलक अभियानलाई निरन्तरता दिएको छ । कैलालीका २ जना अगुवाले दैनिक आयोगको कार्यालयमा काम गरिरहेका छन् । जिल्ला मञ्च कञ्चनपुरले आयोगको काममा दैनिक सहयोग गरिरहेको छ । कैलालीमा छानविनका लागि बनेको टोलीमा मञ्चको तर्फबाट प्रेम विकको प्रतिनिधित्व छ ।

धर्नापछि कैलाली मनुवा गाविसका ५ सय ७५ ले परिचयपत्र पाइसकेका छन् । धनगढी नगरपालिका र बेलादेवीपुरमा पुन: सिफरिस लिई परिचयपत्र बनाउने काम भइरहेको छ । कञ्चनपुरमा भीमदत्त नगरपालिका र दैजीका २७१ परिचयपत्र तयार भएका छन् । कञ्चनपुर आयोगले वैशाखभित्र १ हजार ५ सय जनालाई परिचयपत्र वितरण गर्ने तयारी गरिरहेको छ । राष्ट्रिय भूमि अधिकार मञ्चको खबरदारीपछि यी काम अघि बढेका छन् तर जहाँ दबाब पुग्न सकेको छैन, त्यहाँ भने सुकुम्बासी आयोग निष्क्रिय छ । जबकि यो आयोगले आफूले पाएको अधिकार प्रयोग गरी सुकुम्बासीको पक्षमा काम गर्न कसैको दबाब पर्खनै पर्दैन् । ●

# उपलब्धिको कसीमा धर्ना



• शुभराज चौधरी

सरकारले २०६८ माघमा भक्ति लामिछानेकोअध्यक्षतामा सुकुम्बासी समस्या समाधान आयोग गठन ग-यो । आयोगको कार्यादेशमा सुकुम्बासीलाई परिचयपत्र वितरण गर्ने, ऐलानी जग्गा र सरकारी पर्ति जग्गाको लगत लिने र जग्गा वितरण गर्ने अधिकार दिइएको थियो । आयोगले रूपन्देही, नवलपरासी लगायत २५ जिल्लामा जिल्ला समिति पनि गठन ग-यो । मंसिरमा तेस्रो पटक २०७० असार मसान्तसम्मका लागि म्याद थपिएको छ । आयोगको म्याद थपिँदै जाने तर काम नगर्ने भएकाले आयोगको काम कार्बाही अगाडि बढाउनका लागि जटि पटक डेलिगेसन जादा पनि वास्ता नगरेपछि आयोग आफ्नो जिम्मेवारीप्रति गम्भीर नदेखिएकाले काम कार्बाही छिटो अगाडि बढाउनका लागि दबावमूलक धर्ना दिने कार्यक्रम तय गरियो ।

## धर्नाको तयारी

जिल्ला भूमि अधिकार मञ्चले धर्ना दिनुको कारणसहित माग र अडान राखी अपिल तयार ग-यो । धर्नाका लागि गाउँ भूमि अधिकार मञ्चमा छलफल गरियो । र आवश्यक खाद्यान्न र सदरमुकाममा आउन लाग्ने आवश्यक खर्चको कोष पनि गाउँबाट नै सङ्कलन गरियो । सहयोगका लागि मानव अधिकारकर्मी, नागरिक समाज, पत्रकार र राजनीतिक दललाई खबर गरियो । धर्नालाई व्यवस्थित गर्नका लागि व्यवस्थापन समिति बनाई जिम्मेवारी बाडँफाँट गरियो । समितिले गनुपर्ने कामबारे अगुवा, अभियानकर्ता र पदाधिकारीलाई अभिमुखीकरण गरियो ।

## धर्ना कार्यक्रम

२०६९ पुस २ गते दिउसो १ बजेबाट भैरहवाको बर्मेली चोकदेखि नारासहित ऱ्याली गरि मालपोत कार्यालयमा कोणसभा गरियो । कोणसभामा मालपोत कार्यालय प्रमुख शंकरप्रसाद सुवेदीले जिल्ला भूमि अधिकार मञ्चले राखेका माग जिल्ला तहबाट गर्न सकिने आफूले गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । ३ गतेदेखि मालपोत कार्यालय र सुकुम्बासी आयोगमा अनिश्चितकालीन धर्ना दिन थालियो । जिल्ला सुकुम्बासी समाधान आयोगका अध्यक्ष भूपराज चापागाईंले धर्नास्थलमा आएर 'केन्द्रबाट जिम्मेवारी आएको छैन, जिम्मेवारी पाएपछि सुकुम्बासीको परिचयपत्र वितरण गर्नेछु, यदि नगरेमा मलाई तपाईंहरूले मोसो दलेर घुमाउनुहोला' भन्नुभयो । तर धर्नाका सहभागीहरूले सुकुम्बासी परिचयपत्र वितरण नगर्दासम्म धर्ना नछाड्ने अडान लिए । धर्नालाई निरन्तरता दिए ।

## धर्नामा वार्ता

धर्नाबारे मानव अधिकारकर्मी, नागरिक समाजका अगुवा र पत्रकारले चासो लिए । उनीहरूले प्रमुख जिल्ला अधिकारी हरिकृष्ण पौडेललाई भेटेर वार्ता गर्नका लागि पहल गर्न अनुरोध गरे । सञ्चार माध्यमबाट प्रचार भयो । त्यसपछि राजनीतिक दल, प्रमुख जिल्ला अधिकारी र सम्बन्धित सरकारी निकायको धर्नाप्रति चासो बढ्यो र हाम्रो मागप्रति उनीहरू गम्भीर भए । पुस ८ गते प्रमुख जिल्ला अधिकारीसँग छलफल भयो । उहाँले सुकुम्बासीका साथसाथै उखडा, गाउँब्लकको समस्या पनि रहेकाले सम्बन्धित निकायका प्रमुखलाई समेत छलफलमा सहभागी गराउने बताउनुभयो । पुस १६ गते पुनः छलफल भयो । छलफलमा पुस २० गते अर्को छलफल गर्ने मिति तय भयो ।

**भूमि अधिकार मञ्चलाई एनजिओले उचालेकाले धर्ना दिएको भन्ने भ्रम थियो । तर घरघरबाट खाद्यान्न ल्याएर पुसको ठण्डीमा समेत निरन्तर धर्ना दिएपछि उनीहरूमा भएको भ्रम हटेको छ ।**

पुस २० मा नेकपा (माओवादी) ले बन्द आयोजना गरेको भए पनि धर्नामा करिब ५ सय भूमि अधिकारबाट वञ्चितहरू सहभागी भए । छलफलमा प्रमुख जिल्ला अधिकारी, मालपोत प्रमुख शंकरप्रसाद सुवेदी, नेपाली काँग्रेसका सभापति अब्दुल रजाक, नेपाल सद्भावना पार्टीका अध्यक्ष आनन्द गुप्ता, जिल्ला भूमि अधिकार मञ्चका अध्यक्ष ओमप्रकाश वारीलगायत ४ पदाधिकारी र राष्ट्रिय भूमि अधिकार मञ्चका महासचिव ल्यामबहादुर दर्जीको सहभागिता थियो । वार्तामा जिल्ला भूमि अधिकार मञ्चले राखेका मागहरू पूरा गर्नका लागि एक हप्ताभित्र प्रमुख जिल्ला अधिकारीले सम्वन्धित कार्यालयलाई लिखित निर्देशन दिने सहमति भयो ।

मालपोत कार्यालयले १५ दिने सूचनाजारी गर्ने, सुकुम्बासी आयोगले छिट्टै परिचयपत्र वितरण गर्ने, विष्णुपुरा गाविसको बस्तीलाई वन कार्यालयले उठाउन गरेको निर्णय सर्वदलीय समिति गठन गरि बस्ती अनुगमन गर्ने र यसका प्रमुख जिल्ला अधिकारीले सम्बन्धित निकायलाई एक हप्ताभित्र लिखित निर्देशन दिनेलगायत पाँच बुँदे लिखित सहमति भयो । धर्ना कार्यक्रमको समाचार स्थानीय तथा राष्ट्रिय पत्रिकामा निरन्तर खबर छापिए ।

राजनीतिक दल र सरकारी निकायमा भूमि अधिकार मञ्चलाई एनजिओले उचालेकाले धर्ना दिएको भन्ने भ्रम थियो । तर घरघर बाट खाद्यान्न ल्याएर पुसको ठण्डीमा समेत निरन्तर धर्ना दिएपछि उनीहरूमा भएको भ्रम हटेको छ । अब भने मञ्चलाई सरोकारवाला निकायले सकारात्मक दृष्टिले हेर्न थालेका छन् र स्वतन्त्र र साझा सङ्गठन हो भन्ने पहिचान बढेको छ । सहमतीपछि सुकुम्बासी समस्या समाधान आयोगले गाविसहरूमा सुकुम्बासी पहिचानको लागि विवरण पठाएको छ । •

# सुकुम्बासी बस्ती पुनर्स्थापना



• **बनिलाल थारु, बाँके**

सुकुम्बासीका दुष्मनहरूले ०६९ फागुन २२ गते बलपूर्वक बाँके जिल्लाको बाजुरेल सुकुम्बासी बस्तीमा आगो लगाईछाडे । गरिबलाई झुक्याउन जाली फटाहा अनेक जालझेल गर्दा रहेछन् । यस्ता विषयमा सचेत भइएन् भने रगत चुसेको पनि थाहै नहुँदो रहेछ ।

बाजुरेल टोलका सुकुम्बासीहरू २०५९ सालमा बाजुराका, कोल्टी गाविस-५ घोडाकोट गाँउबाट पहिरोका कारण विस्थापित भई बाँके नौबस्ता गाविस-७ मा आई बसेका हुन् । बाजुरादेखि आएका हुनाले टोलको नाम बाजुरेल टोल रहन गएको हो । यो ठाउँलाई बाँके राष्ट्रिय निकुञ्ज र जनआश्रित सामुदायिक वनले २०६४ मा मध्यवर्ती क्षेत्र घोषणा गरेको रहेछ ।

बाजुरेल बस्तीमा २९ परिवार बसोबास गर्छन् । उनीहरूले करिव ६/७ बिघा जमिन उपभोग गरेका छन् । उनीहरू विनाप्रमाण बसोबास गरेका भने होइनन् । नौबस्ता गाविसबाट बसाईसराई, नागरिकता, घर कर, ऐलानी कर, विद्युत् मिटर जडान, मतदाता नामावली, जन्म दर्ता, बहाल बिटौरी कर, नवप्रतिभा सामुदायिक वन समितिका उपभोक्ता, सरसफाई चर्पी कार्ड, विवाह दर्तालगायत्का प्रमाण उनीहरूसँग छन् । राज्यको स्थानीय निकायबाट प्राप्त गरेका बसोबासको आधारप्रमाण हुँदा पनि उठिबास गर्न खोज्नु राज्यले गरिब परिवारको उपहास गरेकै हो ।

बस्तीमा ०६३ सालमा वन कार्यालय र सामुदायिक वनले आगो लगाएको थियो र हात्ती लगाएर घर टहरा भत्काएको थियो त्यतीबेला बस्तीमा बिमा रोकाय २ दिनको सुत्केरी थिइन् । घरभित्र सुत्केरी बसेका बेला बाहिरबाट हात्तीलगाउँदा हात्तीले समेत घर भत्काउन मानेन् । माहुतेले बन्चराले टाउकोमा हिर्काएपछि मात्र बल्ल घर भत्काउन बाध्य भयो । घटनामा बरू जनावरले मान्छेप्रति संवेदनशीलता देखायो तर उठिबास गर्ने मान्छेहरूले मानवीयता र संवेदनशीलता देखाएनन् । अत्यन्तै क्रुर ढङ्गले व्यवहार गरेको त्यतिबेलाको घटना ताजै छ । त्यसबखत बस्ती उठिबास भयो । बालबच्चा, महिला बिचल्लीमा परे । अर्को ठाउँमा बस्ने कुनै विकल्प नभएपछि भूमि अधिकार मञ्चको अगुवाई भएको आन्दोलनपछि त्यही बसोबास गर्न सफल भएका थिए ।

पुनः२०६९ कात्तिकदेखि उठिबास गर्न पटकपटक सूचना टाँस भयो । सामुदायिक वन, वन कार्यालय र निकुञ्जको उक्साहटमा बस्ती उठिबास गर्ने षड्यन्त्रमूलक योजना आरम्भ भयो । गत पुस ११ मा प्रमुख जिल्ला अधिकारी सहित सरोकारवालाको भेलाले फागुन १० भित्र बस्तीको विकल्प खोजी जग्गा खाली गर्नू भन्ने निर्णय गर्‍यो । राज्यले वैकल्पिक व्यवस्था नगरेसम्म बस्ती उठाउन पाइँदैन भनी माघ ८ गते जिल्ला प्रशासन कार्यालयमा जिल्ला भूमि अधिकार मञ्च डेलिगेसन जाँदा प्रमुख जिल्ला अधिकारीले चासो दिएनन् ।

अन्ततः २०६९ फागुन २२ गते गरिबको झुपडीमा अगो लगाइछाडे । डोजर लगाएर घर भत्काइछाडे । ६ घरमा आगो लगाइदिए भने २३ घर टहरा भत्काइदिए । जसले २९ परिवार सुकुम्बासीको बिचल्ली बनाए ।

बस्ती उठिबास गराउने क्रममा जिल्ला भूमि अधिकार मञ्च, सुकुम्बासी समस्या समाधान आयोग अखिल नेपाल सुकुम्बासी संघलगायत् संगठनहरूले प्रतिरोध गर्दागर्दै पनि बलपूर्वक बस्ती उठिबास गराईछाडे ।

उठिबासविरूद्ध तत्कालै पीडितहरू मिलेर संयुक्त सर्घष समिति बनाइयो । क्षतिपूर्तिसहित यथास्थानमा नै पुनर्स्थापनाका लागि सर्घष गर्ने योजना बन्यो । फागुन २३ गते र्‍याली जुलुससहित पीडितहरूको अगुवाईमा जिल्ला प्रशासन कार्यालयमा धर्ना बसियो । 'जसको मुद्दा, उसको लडाइँ, जसको लडाइँ उसको अगुवाई' भन्ने मान्यताका आधारमा सर्घष अघि बढाइयो । आन्दोलनमा सुकुम्बासी समस्या समाधान आयोग बाँकेका अध्यक्ष सन्तोष बस्नेत, अखिल नेपाल सुकुम्बासी सघंलगायत् गाउँ सङ्गठनहरूको ऐक्यबद्धता जनाए ।

फागुन २४ मा २ हजार भूमिहीन सुकुम्बासीहरूको उपस्थितिमा र्‍याली जुलुससहित धर्ना बसियो । सोही दिन संयुक्त सर्घष समिति र प्रमुख जिल्ला अधिकारी बीच बैठक भयो । क्षतिपूर्तिसहित यथास्थानमा नै पुनर्स्थापना, पीडितलाई तत्कालका लागि राहत र गरिबको झुपडी जलाउनेलाई कार्बाहीको माग राखी छलफल भयो । छलफलपछि भत्काइएका घर टहरा बनाई यथास्थानमा बस्न दिने, पीडित परिवारलाई तत्काल राहतस्वरूप १० वटा त्रिपाल र ३ क्विन्टल चामल उपलब्ध गराउने सहमति भयो ।

हाम्रो आन्दोलनबाट प्रशासन झुक्न बाध्य भयो । अहिले सो ठाउँमा २२ घर टहरा निर्माण भइसकेका छन् भने अरु बन्ने क्रममा छ । सुकुम्बासी समस्या समाधान आयोगबाट २८ परिवारले परिचयपत्र प्राप्त गरेका छन् । गाउँ संगठनहरूले नगद र खाद्यान्न जुटाई उनीहरूलाई सहयोग गरे ।

वास्तवमा स्वःस्फूर्त र योजनाबद्ध आन्दोलनले स्वादिलो फल मिल्दो रहेछ । मलाई यो आन्दोलनपछि भूमि अधिकारको क्षेत्रमा काम गर्ने सरोकारवालाहरूसँग समन्वयको पाटोलाई अझै बलियो बनाउन थप उत्साह जागेको छ । बाजुरेल टोलबासी ०६३ देखि नै भूमि अधिकार मञ्चमा सङ्गठित छन् । बस्ती संरक्षण गराउन र जीविकाका लागि भूमि अधिकार आन्दोलनमा सक्रियरूपमा लागेका छन् । भूमि अधिकार आन्दोलनलाई आफ्नो जीवन बनाएर बस्ती उठिबास गर्नेविरूद्ध दरिलो खबरदारी गरि रहेका छन् । •

# मोही सम्मेलनका सिकाई



• शैलेन्द्र राई

जिल्ला भूमिअधिकार मञ्च सुनसरी,मोरङ,झापा, धनकुटा र सङ्खुवासभाको अगुवाइमा सुनसरीको इटहरीमा माघ २७ गते मोही सम्मेलन र २८ गते मोही सभा भएको छ । कुन्ठिएर बसेका मोही किसान र जोताहा किसानको आन्दोलनलाई यो सभाले ऊर्जामात्र दिने काम गरेन, पूर्व क्षेत्रमा रहेका करिब ४० हजार मोही किसानलाई एक भएर आफ्नो अधिकार का लागि लड्ने बाटोसमेत खुला गरि दिएको छ । मोही किसान मात्र नभएर जोताहा किसान र सुकुम्बासीहरूले पनि भूमि अधिकार आन्दोलनलाई एक भई अगाडि बढाउने ऊर्जा प्राप्त गरेका छन् ।

मोही सम्मेलनमा धनकुटा र सङ्खुवासभाका गुठीपीडितहरूको अवस्था सुनेर सुनसरी, मोरङ र झापाका जोताहा तथा मोही किसानले मुद्दा भिन्न भए पनि पीडा र समस्या एउटै भएको थाहा पाए । २ सय ४ हेक्टर जमिनमा बस्ने गुठीपीडितहरू अझै पनि गुठी जग्गालाई रैकर बनाउने आन्दोलनमा होमिएका छन् ।

मोरङबाट रामप्रसाद सुवेदीले आफूहरू स्कुलपीडित भएको सुनाउँदा सबैको ध्यान उतै थियो । '२०२२ सालमा जंगल फाँडेर आवाद गरेर हामी बसेका हौं । हामीले उक्त जग्गा खेतियोग्य बनायौं । २०३५ सालमा फिल्ड नआई हामीले कमाइरहेको उक्त जग्गा विद्यालयको नाममा दर्ता गरियो ।

त्यो दिनबाट हामी आन्दोलनमा छौं । हामीलाइ पञ्चेले थुनाए, २०५८ मा पनि थुनाए तर जे गरे पनि त्यो जमिनमा हाम्रो अधिकार छ । जमिन नपाएसम्म हामी आन्लोलन गर्नेछौं' उनको भनाई थियो । मोरङकी दुल्हन चौधरीले ससुराको नाममा रहेको ४ बिघा मोही जग्गा मालिकले धम्काएर ६ कट्ठा मात्र दिएर लगत कट्टा गराएको दुखेसो पोखिन । झापाका सञ्जित सरदारले तीन पुस्ताबाट मोहियानी जग्गा जोतिरहे पनि अझै बाँडफाँट गर्न नसकेको बताए । जग्गाधनी र गाविस सचिवको मिलेमतोमा सिफारिस नदिइएकाले दुःखमात्र पाएको भनाई उनको थियो ।



मोही सम्मेलनमा किसानहरूले दुःख सुनाए । कोही स्कुलबाट, कोही मालिकबाट त कोही सरकार र सरकारी कर्मचारीबाट पीडित रहेछन् । मोही किसानको समस्या जटिल छ । उत्तिकै समस्या जोताहा, सुकुम्बासी र गुठी किसानको छ । तर फेरि पनि राजनीतिक दलका नेताहरूले भन्न छाडेनन् कि हामी छौं तपाइहरूका लागि ।

यस्तै भयो २८ गतेको मोही सभामा पनि । सबै दलका नेताले मोही तथा जोताहा किसानको पक्षमा नै बोले, भूमि अधिकार आन्दोलनलाई समर्थन पनि गरे पुरानै शैलीमा । आफ्नो अधिकारका लागि आफैं लड्न जानिसकेका हाम्रा मोही तथा जोताहा किसान एकजुट भएर किसानको हित हुने कानुन ल्याउन आवश्यक छ । आफ्नो अधिकारको लागि अब राजनितिक दलको मुख हेर्न आवश्यक छैन ।

किसान आफैं लडनुपर्छ । मोही सम्मेलनको निष्कर्ष यही रह्यो । जोताहालाई जमिन दिनुपर्ने माग ६० वर्षदेखि उठ्दै आएको छ र अहिले थन्कँदै गएको छ । प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्रसम्म आउँदा धेरै परिवर्तन भए । धेरै ठूलाठूला आन्दोलनमा भूमि सुधारलाई मुख्य मुद्दाका रूपमा अघि बढाइयो । आन्दोलन सफल भए, परिवर्तन धेरै आए, तर न जोताहा किसानले जमिन पाए न त उनीहरूको अधिकार सुनिश्चित नै गरियो । बरू मोही हक कुण्ठित हुने र जोताहालाई बेदखल बनाउने कानुन बने । यसले झन् गरिब किसानलाई मारमा पारेको छ ।

उनीहरूको घाउमा नून छर्कने काम गरेको छ । जोताहालाई जमिन नदिई न सामाजिक न्याय स्थापना हुन्छ न त परिवर्तन सुदृढ र संस्थागत नै बन्न सक्छ । यसैले जोताहा किसानहरूको अधिकारको आन्दोलन अझ बलियो बनाउँदै राज्यसँगको लेनदेनलाई किसानको पक्षमा पार्न आवश्यक छ ।

# सम्मेलनको अठोट

मोही हक प्राप्तीका लागि मोहियानी हकको लडाइँमा सबै मोही किसान एक भएर लागौं भन्ने मूल नाराका साथ नेपालगञ्जमा क्षेत्रीय मोही सम्मेलन सकिएको छ । फागुन १४ र १५ मा सम्मेलनमा बाँके, बर्दिया, सुर्खेत, दैलेख, कैलाली, दाङ र रूपन्देही जिल्लाका किसानको सहभागिता थियो । कार्यक्रममा स्थानीय राजनीतिक दलका नेता, भूमि सुधार कार्यालय, मालपोत कार्यालयलगायत् जिल्लाका सरकारी तथा गैरसरकारी निकायका प्रतिनिधिहरूको पनि सहभागिता थियो ।

यी जिल्लामा मात्र अर्काको जमिन जोत्ने करिब ११ हजार मोही किसान छन् । मोही सम्मेलनमा सहभागी भएका राजनीतिक दल तथा सरोकारवाला निकायका प्रतिनिधिहरूले मोहीको समस्या जटिल बन्दै गएको, खेती गर्ने र जोत्ने किसानहरूले जमिनको स्वामित्व र अधिकार नपाएको विषयमा आवाज उठाउँदै मोही हकका लागि आ-आफ्नो तर्फबाट सहयोग गर्ने बताएका थिए । वर्षौंदेखि घामपानी, जाडो, गर्मी नभनी पसिनाले माटा सिञ्चेर उत्पादन गर्ने मोही किसानसँग जमिनको स्वामित्व नहुँदा उनीहरूको आफ्नो जमिन नभएर वा भएको जमिनले खान नपुगेर अरूको जमिन कमाउन बाध्य भएका छन् ।

जोताहा किसानले मोही हक पाउने व्यवस्था भूमिसम्बन्धी ऐनमा २०५३ मा संशोधन गरेर खोसियो । यसबाट हजारौं बेदर्तावाल जोताहा किसानलाई जोतिरहेको जमिन छाड्नुपर्ने बाध्यात्मक स्थिति आयो । २०५८ सालमा भएको भूमिसम्बन्धी पाँचौ संशोधन ऐनमा भएको व्यवस्थाले मोही लागेको जग्गा २ वर्षभित्रमा बाँडफाँट गरिसक्ने भनेको थियो तर त्यो कार्य हुन सकेन । मोहीहरू वर्षौंदेखी तारेख धाइरहेका छन् । तर जग्गा बाँडफाँट भएको छैन । मोहीसम्बन्धी समस्या छिनोफानो गर्न भनेर २१ जिल्लामा भूमि सुधार कार्यालय स्थापना भए । ती कार्यालयमा उपसचिवदेखि अधिकृतसम्मका कर्मचारीको व्यवस्था गरिए तर काम भने



● लालमणि भण्डारी

भएन् ती कार्यालय गफ गर्ने थलोमात्र बनेका छन् । राजनीतिक दलले मोहीलाई जग्गाको मालिक बनाउने नारा लगाएको ६ दशकभन्दा बढी भइसकेको छ । तर आजसम्म पनि जमिनमा नै जीविका गाँसिएका जोताहाको हक स्थापित हुन सकेको छैन् । आफ्ना पूर्खाले आवादी गरेको जमिन खोसिने, मोहियानी प्रमाण नहुनु, प्रमाणका आधारमा लगाइएका मुद्दा किनारा नलागी लामो समयसम्म तारेख धाउन पर्नु, मोही प्रमाण र जोताहा जीवित हुँदाहुँदै मोही लगत कट्टी जस्ता समस्या भोग्नुपरेको छ ।

जग्गाधनीले आफ्नो स्वार्थअनुरूप काममा लगाउने, जोतखन गरेको जमिनबाट बेदखल गर्ने गरेकाले आज पनि जोताहा किसान भूदासकै अवस्थामा छन् । यस्तो अवस्थामा मोहीहरूको हक अधिकार स्थापित गराउन र राज्यको ध्यानाकर्षण गराउनका लागि मोही सम्मेलन आयोजना भएको हो ।

## धेरै दुःख पाएँ

मेरो नाम बुधई गडरिया हो । म बाँके गनापुर गाविस-३ मा बस्छु । ८२ वर्ष भएँ । परिवारमा १२ जना छन् । म मोही किसान हुँ । मैले मनिकापुर गाविस-७ का राधेश्याम कुर्मीको जग्गा कमाउँदै आएको छु । चार पुस्तादेखी हामीले जोतभोग गर्दै आएको जग्गाको क्षेत्रफल ८ कठ्ठा रहेको छ । मोही हकका लागि २०६१ सालमा भूमि सुधार कार्यालयमा मुद्दा दर्ता गरेँ ९ वर्ष भयो । लगातार तारेख धाईरहेको छु । प्रत्येक जग्गाधनीको हिस्सा दाखिला गर्ने गरेको छु । तैपनी जग्गाधनीले प्रत्येक वर्ष बाली भराई मोही निस्काशन गर्न अदालतमा मुद्दा दिन्छ । २०६८ फागुन ३० गते ३ हजार ५ सय १५ मोही बाली दाखिला गरे तर जग्गा धनीले २०६९ जेठ १८ गते बाली मुद्दा दायर गरे । जिल्ला अदालतमा बाली मुद्दाको तारेख धाउदाँ हैरानी पाएको छु । अदालतबाट पुष ७ गते बाली मुद्दाको निर्णय भयो तर मोही निस्काशन भनएपनि उत्पादन गरेका भन्दा बढी बिगो तिर्नुपर्ने निर्णय गर्‍यो । यस घटनाले म अत्यन्थै मर्माहत भएँ । आकाशे वर्षाको भरमा खेतीको, उत्पादन हुने भन्दा बढि तिर्नुपर्ने निर्णयले मलाई दुःखी बनाएको छ । थप २ हजार ६ सय ५७ रूपैंया तिर्नुपर्ने बाध्यता छ ।

एकातिर जग्गा धनीले विभिन्न घट्नाले त्रसित पारेका छन् । अर्कोतिर मोही कानूनको झन्झटिलो । जसले वर्षौ सम्म तारेख धाउन बाँध्य



● बुधई गडरिया

बनाएको छ । मोही हक सजिलै प्राप्त गरूँला भन्ने आशा थियो तर मलाई के थाहा कानून गरिबको पक्षमा हुदैन भन्ने कुरा ! साहुको ऋण लागेको छ । बुढो मान्छे हिड्डुल गर्न सक्दिन् । आँखा कम देख्छु तर पनि हक पाउने आशाले मुद्दा खेप्न भने छोडेको छैन् ।

जमिन्दारले तारेख लिन्छ वा लिदैन् थाहा छैन् मेरो भने ज्यानै जाने भइसक्यो । मैले राणा शासन देखेँ, पञ्चायती शासन देखेँ, बहुदलीय शासन देखेँ अब नयाँ शासन आएको छ त्यो पनि देखिरहेको छु तर गरिबहरू कहिल्यै पार लागेको देखेको छैन् । ●

# क्षेत्रीय मोही सम्मेलनद्वारा जारी मोही घोषणापत्र

## हामी अठोट गर्छौं

(१) भर्पाइ लिएरमात्र कुत बुझाउनेछौं ।

(२) जोताहा/मोहीले जोतिरहेको जग्गा उसको मञ्जुरीबिना जोत्न जाँदैनौं । अर्को जोताहा/मोहीले जोत्न आएमा जोत्न दिंदैनौं ।

(३) आफ्नो गाउँमा गाविसमा तथा नगर पालिकाको जोताहाको लगत तयार गरी आ-आफ्नो सङ्गठनमा सुरक्षित राख्छौं ।

(४) गाउँका सबै मोही र जोताहा किसान सङ्गठित हुन्छौं ।

(५) कुनै पनि मोहीमाथि जग्गाधनी र अन्य जोसुकैले बेदखली गर्ने, डरत्रास र धम्की दिने, शोषण गर्ने, विना ज्यालामा काम लगाउने जस्ता अन्याय गरेमा सङ्गठनका सबै सदस्य एक भएर जोताहा मोहीको अधिकार सुरक्षित गरेरै छाड्नेछौं ।

(६) जोताहा/मोहीमाथि हुने जुनसुकै प्रकारको दबाब तथा अन्याय रोक्न र प्रतिरोध गर्न साङ्गठनिक र कानुनी लडाइँ लड्नेछौं ।

## हामी सरकारसँग जोडदार माग गर्छौं

(१) २०६४ सालदेखि मोही जग्गा बाँडफाँड प्रक्रिया रोकिएको र भूमि सुधार कार्यालयहरू मिलापत्रको नाममा जग्गाधनीहरूसँग मिलेमतोमा मोहीलाई नाममात्रको हक दिने र मोही लगत कट्टा गर्ने कार्यको यस सम्मेलन जोडदार विरोध गर्छ। मोही जग्गा बाँडफाँट प्रक्रिया यथाशीघ्र अगाडि बढाउनुपर्छ । र, मोही लागेको जग्गामा सरकारले फिल्डमा नै टोली खटाई जग्गा बाँडफाँट गरिदिनुपर्छ।

(२) सरकारले भूमिसम्बन्धी ऐन, २०२१ को दफा ५२ मा ऐनको उद्देश्य पूरा गर्नका लागि नेपाल सरकारले आवश्यक अधिकारीहरूको नियुक्ति र समितिहरूको गठन गर्न सक्नेछ' भन्ने व्यवस्था गरेको छ। सोही व्यवस्थाअनुरूप मोहीको लगत लिन सरकारले समिति र टोली बनाई खटाउनुपर्छ। यस्तो टोलीले नै मोही कायम गरी आधा आधा जग्गा बाँडफाँट गरिदिनुपर्छ।

(३) मोही लागेको जग्गामा मोहीले आधा हक लिई बाँकी रहेको आधा जग्गा किन्न सरकारले निर्ब्याजी ऋण उपलब्ध गराउनुपर्छ ।

(४) जग्गाधनीले पत्याएको व्यक्तिलाई मोही हक दिने भन्ने शब्द ऐनबाट तुरुन्त हटाइनुपर्छ । मोहियानी हक मोहीको सम्पत्तिका हकदार सबैले पाउनुपर्छ। साथै मोही किसानहरूले मोही हकवापत पाउने जग्गा पैसामा मिलाउन नपाउने र जग्गा नै दिने व्यवस्था हुनुपर्छ।

(५) प्लटिङ र व्यावसायिक खेतीका नाममा खेतीयोग्य जग्गा घट्दैछ। यसबाट सबभन्दा बढी साना किसान र मोही किसानको अधिकार छिनिएकाले खेतीयोग्य जग्गालाई कुनै पनि मूल्यमा गैरकृषि प्रयोजनमा उपयोग गर्न नपाइने व्यवस्था हुनुपर्छ।

(६) सरकारले एक वर्षभित्रमा जग्गा कमाउने र जग्गा कमाउन दिनेहरूको लगत तयार गरी स्थानीय निकाय गाविस र नगरपालिकामा राख्ने र प्रत्येक ५ वर्षमा अद्यावधिक गर्नुपर्छ।

(७) स्थानीय निकायले जोताहा मोहीको लगत राखी जोताहा मोहीलाई जोतभोगको प्रमाणपत्र अनिवार्य दिनुपर्छ।

(८) जग्गाधनीले भर्पाइ दिएर कुत बुझ्न नमानेमा गाविसले भर्पाइ दिई कुत बुझ्नुपर्ने। साथै मोही बेदखली गरेमा वा जमिन जोतिरहेकालाई जोत्न नदिएमा स्थानीय निकायले उजुरी लिई जोताहा मोहीलाई खेती गर्न पाउने व्यवस्था गरिनु पर्छ।

(९) जमिन जोतिरहेको मोहीलाई कुनै पनि कारणबाट कसैले पनि बेदखल गर्न पाइँदैन। अधिया/बटैयामा जोतेको जग्गामा पनि मोहियानी हक दिइनुपर्छ । २०२१ सालको ऐनअनुरूप नै एक वर्ष जोतेको जग्गामा मोहियानी हक लाग्ने व्यवस्था गरिनुपर्ने ।

(१०) जग्गा धनीले मोहीबाट बाली बुझिसकेपछि बाली बुझेको भरपाई दिने व्यवस्था कानुनमै स्पष्ट गरिनुपर्छ ।

(११) मोहीवापत नगद नभई जग्गै दिने व्यवस्था गरिनुपर्छ।

(१२) बाली बटैयाको आधार कृषि कार्यालयको उत्पादन तथ्याङ्कबाट नभई वास्तविक उत्पादनको आधारमा हुनुपर्छ ।

(१३) बेदर्ता मोहीलाई जोतभोगको आधारमा मोही कायम गरी आधा स्वामित्व दिनुपर्छ।

(१४) मोहीले कमाइआएको जग्गा उसको मञ्जुरीबेगर अर्कोलाई जोतगोड गर्न नदिने।

(१४) मोहीको नामसारी संयुक्तरूपमा हुनुपर्ने कानुनी व्यवस्था कायम गर्ने ।

(१५) मोही नामसारी वा मोही बाँडफाँट मुद्दा दर्ता हुनासाथ मुद्दा परेको जग्गा भूमि सुधार कार्यालयबाट स्वतः रोक्काका लागि सम्बन्धित मालपोत कार्यालयमा पत्र लेख्ने प्रक्रिया हुनुपर्छ।

(१७) मोही लागेको जग्गा खरीद/बिक्री गर्न धितो धरौटी राख्न रोक लगाउनुपर्छ ।

(१८) मोही बेदखल गर्ने जग्गाधनीलाई बेदखलवापत मोहीलाई बाली दिलाई मोही बेदखली जस्ता गैरकानुनी काम कारबाही बन्द गरी तत्काल मोहीलाई नै जग्गा भोगचलन गर्न दिने व्यवस्था हुनुपर्छ। ●

# आफैं जाग्नुपर्छ



● रमेश सापकोटा

गरिब तथा भूमिहीनलाई लोभलालच देखाई शासक वर्गले शासन सञ्चालन गर्दै आएका छन् । राणा शासन कालपछि बनेका सरकारहरूले त झन् अधिकतम्रूपमा गरिबलाई नै प्रयोग गर्दै आइरहेका छन् । २००७ सालमा राणा शासन अवसान गराउनका लागि पनि नेपाली काँग्रेसका नेताहरूले गरिबहरूलाई नै साथ लिएर आन्दोलन गरे र राणा शासन अन्त्य गरे । तर त्यही राणा शासन काल अन्त्य गर्ने गरिबहरूको जीवनशैलीमा भने कहिल्यै परिवर्तन आउन सकेन् । तत्कालीन नेपाली काँग्रेसका नेता बीपी कोइरालासमेतले 'हाम्रा जनतालाई त्यति जमिन भएमा खान पुग्छ, जति एक हल गोरूले जोतेर सक्छ' भन्ने परिकल्पना समेत गरेका थिए ।

बीपी देश विकासका लागि र सम्पूर्ण नेपालीलाई खुशी राख्नका लागि योजना निर्माण गर्दा एकएक वटा गरिब, मध्यम र धनी व्यक्तिको फोटो साथै राखी तीन वर्गलाई मेल खानेखालको योजना निर्माण गर्न सकेको खण्डमा सबैलाई समेटेर लान सकिन्छ र सारा जनता खुशीका साथ रहन सक्छन भन्ने गर्नुहुन्थ्यो । तर बीपीको यो सपना उनकै अनुयायीले लागु गर्न सकेनन् । २०१५ सालमा बीपीकै नाराबाट प्रभावित भएर काँग्रेसलाई गरिबले भोट दिएर बहुमतसहित सत्तामा पुऱ्याए । जनताबाट निर्वाचित नेपाली काँग्रेसको सरकारलाई २०१७ सालमा अपदस्त गरी राजा महेन्द्रले सत्ता हातमा लिएपछि अधिकारका कुरा त के, बोल्नसमेत प्रतिबन्ध लगाइयो ।

त्यो बेला किसानको अगुवाईमा आन्दोलन सुरू भयो । जुन आन्दोलनको बेला पश्चिमतर्फको आन्दोलन चर्काउने क्रममा भीमदत्त पन्त जस्ता किसान आन्दोलनका अगुवाले ज्यान गुमाउन पुगेका थिए । पन्त किसान आन्दोलनका पहिलो शहीदका रूपमा परिचित छन् । साउन १७ गते उनको स्मरणसमेत गरिन्छ । यही आन्दोलनलाई मत्थर पार्न पनि राजा महेन्द्रले २०२१ सालमा भूमि सुधार ऐन ल्याएका थिए । जसले आन्दोलनलाई अन्यत्र मोड्ने काम त गऱ्यो तर त्यो ऐनले भूमिहीनको समस्या भने समाधान गर्न सकेन् । त्यसपछि गरिब किसान र भूमिहीनको भविष्य झन् अन्धकार को दिशातिर मोडिन पुग्यो । २०३६ सालमा निर्दल र बहुदलको जनमत सङ्ग्रहको चुनाव हुने भयो । गरिब, भूमिहीनका लागि काम गरिदिने भनेपछि सारा जनमत बहुदलको पक्षमा लागेका थिए । त्यतिखेर पनि बहुदलको

**बीपी कोइरालाले "हाम्रा जनतालाई त्यति जमिन भएमा खान पुग्छ, जति एक हल गोरूले जोतेर सक्छ" भन्ने परिकल्पना समेत गरेका थिए ।**

हार भई निर्दलको पक्षमा चुनावको परिणाम आयो । अर्थात् फेरि एकचोटी भूमिहीनहरूको आशाको डोरी छिन्यो । कतैबाट पनि समस्या निराकरणको बाटो नदेखेपछि सारा गरिब किसान निराश भएका थिए । फेरि २०४६ को जनआन्दोलनमा उनीहरू नै सक्रिय सहभागी भए । खास गरी यो आन्दोलन संयुक्त वाममोर्चाका साथै नेपाली काँग्रेसका सर्वोच्च नेता गणेशमान सिंहको नेतृत्वमा भएको थियो । आन्दोलन सफल पनि भयो तर जनताको जीवनस्तर भने जस्ताको तस्तै । भूमिहीन फेरि जिल्लाइए ।

नेपाली काँग्रेसका नेता कृष्णप्रसाद भट्टराईको नेतृत्वमा सरकार बन्यो । नेपालको संविधान २०४७ पनि आयो । यसले पनि उनीहरूका समस्या सम्बोधन हुन सकेनन् । त्यसपछि २०५१ सालमा नेकपा एमालेको नेतृत्वमा सरकार बन्यो । यो सरकारले भने उच्चस्तरीय भूमि सुधार आयोग गठन गरेर प्रतिवेदन तयार पाऱ्यो । तर प्रतिवेदन कार्यान्वयन भएन । यसपछि गरिब, किसान झन् निरास बन्न बाध्य भएका थिए ।

२०५२ सालबाट जनयुद्ध घोषणा गरी नेकपा माओवादी भूमिगत भयो । भूमिगत भएका बेला माओवादीले **'घर पोल्नेको, जमिन जोत्नेको'** नारा लगाउँदै तिनै किसानलाई आफ्नो आन्दोलनमा आकर्षित गऱ्यो । माओवादी जनयुद्ध छाडेर मूलधारको राजनीतिमा आएपछि पटकपटक सरकार चलाउने ठाउँमा पुग्यो । गरिब किसानको नारा उचालेको भन्ने माओवादी सरकार र सत्तामा पुगेपछि ती कुरा ठ्याम्मै बिर्स्यो । सत्तामा रहेका बेला एकीकृत माओवादीले सुकुम्बासी पहिचान गरी परिचयपत्र बाँड्नसमेत सकेन ।

गरिब र सुकुम्बासीको मुद्दा लिएर राष्ट्रिय भूमि अधिकार मञ्चले गरेको आन्दोलनमा चारचार पटक भएको सम्झौतासमेत विभिन्न सरकारले लागु गर्न मानेका छैनन् । अब बन्ने संविधानमा समेत जमिनको मुद्दालाई प्राथमिकता दिएर अगाडि बढाउनुपर्ने अधिकारकर्मीको माग सुनुवाई हुन सकेको छैन् ।

यसबाट देखिन्छ कि भूमिहीनलाई हेर्ने दृष्टिकोण कसैको पनि राम्रो छैन । त्यसैले अब भूमिहीन, सुकुम्बासी, हलिया, मोही, गुठीपीडितलगायत् अधिकारबाट वञ्चित सबै एकै ठाउँमा सङ्गठित हुन जरूरी छ । यसरी संयुक्त भएर आन्दोलन गर्न सकेनौं भने अझै धेरै दुःख पाउने निश्चित छ । अब एकजुट नभएसम्म कसैले पनि हामीलाई सहयोग गर्दैनन् किनकि हाम्रो आन्दोलनको जग भनेको हाम्रो सङ्गठित आवाज, सङ्गठित शक्ति नै हो । त्यसैले सम्पूर्ण भूमिहीन समयमा नै सङ्गठितरूपमा अगाडि बढ्नु आवश्यक छ । अधिकार खोसेर िने वातावरण सिर्जना गर्नु जरूरी छ ।

# कमलरी दुर्गति

• रघुनाथ लामिछाने

कमलरी यस्तो शब्द हो, जुन धेरै नेपालीलाई थाहै छैन् । सर्वसाधारणमात्र हैन, नीति निर्माताहेखि उच्च प्रशासकसमेत कमलरी बारे अनविज्ञ छन् । अझ गजबको कुरा त यो छ कि जसले आफ्नै घरमा कमलरी राखेको छ, उसलाई समेत यसबारे थाहा छैन् । विडम्बना, यसरी धेरैलाई थाहा नहुँदानहुँदै पनि कमलरी भने दिनदहाडै अकाल मृत्यु भोग्न बाध्य छन् । यौन शोषणको मारमा परिरहेका छन् र बेपत्ता पारिइरहेका छन् । दास जीवन व्यतीत गर्न बाध्य छन् ।

सोझो अर्थमा भन्दा घरमा आइपर्ने कुनै पनि काम गर्न नोकरका रूपमा राखिएका खासगरी ७/८ वर्षदेखि १८/२० वर्षका किशोरीलाई कमलरी भन्ने गरिन्छ । पश्चिम नेपाल (खासगरी बाँके, बर्दिया, कैलाली, कन्चनपुर र दाङ) मा चरम गरिबीबाट गुज्रिरहेका थारू समुदायका यी बालिका/किशोरी देशभर यस्तै 'सेवा' गर्ने सेवकका रूपमा आपूर्ति हुने गरेका छन् । जसले गर्नुपर्ने र नपर्ने कामको कुनै सीमा हुँदैन । मालिकले लगाएको सबै काम गर्नु र 'जसरी पनि' उनीहरूलाई सन्तुष्ट पार्नु कमलरीको मुख्य कर्तव्य हुने गर्छ ।

तर यसरी काम लगाएवापत पाउने ज्याला भने नगण्य हुन्छ । कसैले वार्षिक ४/५ हजार रूपियाँ दिन्छन् भने कसैले पढाइदिएको, खुवाएको, लुगा किनिदिएको जस्ता कारण देखाएर एक पैसा पनि दिँदैनन् । उनीहरूलाई केही थाहा हुदैंन् यो सबै 'डिल' कमलरी बस्नेसँग हैन, उनका बाबुआमासँग हुने गर्छ ।

वास्तवमा कमलरी प्रथाकै रूपमा झाङ्गिएको विषय हो । जुन सोझै जमिनको असन्तुलित वितरणसँग जोडिएको छ । जब ५३ वर्षअगाडि पश्चिम तराईमा औलो उन्मूलन भयो, त्यसपछि रैथाने थारूका जमिन विभिन्न तौरतरिका अपनाएर पहुँचवालाले हात पारे । यसपछि बेसहारा हुन पुगेका थारूहरू आफ्नै जमिन हत्याउनेसामु शरणार्थी बन्न पुगे । बँधुवा मजदूरका रूपमा काम गर्न थाले । जसलाई कमैया भनियो । खासगरी यही प्रथामा जकडिन बाध्य परिवारका छोरीहरू नोकरका रूपमा ठूलाबडाका घर पठाइन थाले । जसलाई कमलरी भनिन थालियो ।

हुन त राजधानीलगायत्का खासगरी शहरी क्षेत्रमा हुनेखानेहरूले घरमा काम गर्न अन्य जात र स्थानका मानिस पनि राख्ने गरेका छन् तर तिनीहरू कमलरीभन्दा फरक हुन । किनकि बाबुआमाले जीविकाकै लागि जमिनदारबाट जमिन खनजोत गर्न पाएवापत मालिकको सर्तअनुसार छोरी पठाइदिएका हुन्छन् ।

यसरी छोरी नपठाइदिए जग्गा दिँदैनन् भने अर्कोतिर छोरी फिर्ता आएको दिन जग्गा पनि खोसिन्छ । यसरी कमलरी पठाउने/नपठाउने कुराले सोझै गरिब थारूको चुलो प्रभावित हुन्छ । तर काम गर्न बस्ने अरू जात र स्थानका मानिसमा भने यस्तो सम्बन्ध पाइँदैन् । त्यसैले कमलरी गरिबी र भूमिहीनतासँग जोडिएको विषय हो ।

**वर्षेनि कमलरीहरू मालिककै घरमा मरिरहेका छन् । कयौं कमलरी गर्भ पतन गराउन बाध्य छन् भने केहीचाहिँ लामो समयपछि घर फर्कंदा कोसेली नै 'बच्चा' लिएर जान बाध्य छन् ।**

अर्कोतिर यस्ता थारू परिवार विशुद्ध कृषि क्षेत्रका ज्यालादारीमा संलग्न हुने गर्छन् । न्युन ज्याला, अन्य आयस्रोतको अभाव र महँगिदो जीवनशैलीका कारण यस्ता परिवारको गरिबी झनै बढिरहेको छ । यही सर्वेक्षण पनि भन्छ कि अन्य व्यावसायिक क्षेत्रको ज्यालामा लागेका परिवार मूली भएका घर परिवार ६ प्रतिशत मात्र गरिब छन्, जबकि कृषि क्षेत्रको ज्यालादारीमा लागेका परिवार मूली भएका घर परिवार ४७ प्रतिशत गरिब छन् । यी सबै अवस्थाले देखाउँछन् कि गरिब थारूहरू आफ्ना सन्तानलाई बोझ मान्ने अवस्थामा छन् र अरूकहाँ उनीहरूलाई काम गर्न पठाउनुपर्ने बाध्यता यसैको परिणाम हो । अहिले सोझा, परिश्रमी र गरिब थारूहरूको यही बाध्यतामाथि चरम खेलवाड भइरहेको छ । वर्षेनि कमलरीहरू मालिककै घरमा मरिरहेका छन् । कयौं कमलरी गर्भ पतन गराउन बाध्य छन् भने केहीचाहिँ लामो समयपछि घर फर्कंदा कोसेली नै 'बच्चा' लिएर जान बाध्य छन् ।

नेपालमात्र हैन, भारतमा समेत वेश्यावृत्तिका लागि जबर्जस्ती उनीहरूलाई प्रयोग गराइएको छ । तर विडम्बना, आफ्ना छोरीहरू वर्षौंदेखि घर नआउँदा पनि खोइ भनेर सोधीखोजी गर्ने हिम्मतसमेत यी बाबु/आमामा छैन । यही कारण हो छोरीहरू मालिककै घरमा झुण्डिँदा, आगो लागेर मर्दा, बलात्कृत हुँदा पनि बाबुहरू केही रकम लिएर निर्धक्क ल्याप्चे लगाइदिन्छन् र 'मेलमिलाप' को नमुना प्रदर्शन गर्छन् । तर यो मेलमिलापको सार भने नितान्त पृथक छ, जसलाई खोतल्नु आवश्यक छ ।

मुलूकमा महिला हिंसाविरूद्ध थुप्रै अभियान चलिरहेका छन् र चल्छन् पनि । कमलरीले भोग्नुपरेका जीवन हरणदेखि अस्मिता हरणसम्मको खेलवाडप्रति भने कमैको मात्र ध्यान पुगेको छ । अर्कोतर्फ मुलुक द्वन्द्व कालमा बेपत्ता पारिएका मानिसहरूको खोजविनका लागि छट्पटाहट व्यक्त गरिरहेको छ, तर सधैं द्वन्द्वबाटै गुज्रिरहेका बेपत्ता कमलरी खोजबिनको कुरा भने कतै कसैले उठाउँदैन । गजबको कुरा त यो छ कि कमलरी राख्ने कार्य कानुनतः अवैध हो । कमैया श्रम (निषेध गर्ने) सम्बन्धमा व्यवस्था गर्न बनेको ऐनले नै कमैया श्रमिकअन्तर्गत कमलरीलाई पनि समेटेको छ । त्यसैले कमलरी राख्नु गैरकानुनी हो र यसरी र राख्नेले दण्ड सजाय पाउने व्यवस्था छ । तर न नेता, न कर्मचारी, न व्यापारी, न शिक्षक, कसैले पनि यो कानुन पालना गरेको छैन । उल्टै पश्चिम नेपालका थारू गाउँ वरपर बस्नेले शहर बजारमा बस्ने आफन्तलाई कमलरी आपूर्ति गराएर गुन लगाउने वा विभिन्नखाले फाइदा लिने क्रम फष्टाउँदो छ । जसले समस्याको आकार बढाउनमात्र मद्दत पुऱ्याएको छ ।

# देशभर भूमि सभा




भीमदत्तनगर, कन्चनपूर - चैत १



घोराही, दाङ - चैत ८



बासगढी, बर्दिया -चैत ५




भैरहवा, रुपन्देही - चैत १२



मेलम्ची,सिन्धुपाल्चोक-चैत १५



हलेसी, खोटाङ-चैत ३०



चन्द्रनिगाहपूर, रौतहट - चैत २०




कुस्मा, पर्वत - बैशाख ३



लहान, सिरहा -चैत २३




बेलबारी, मोरङ- चैत २३

# जमिन चाहियो

कृषि अर्थव्यवस्थामा आधारित नेपाली समाजको मुख्य सम्पत्ति भनेकै खेति योग्य जमिन हो । यसको आर्थिक महत्व त छ नै, उत्तिकै सामाजिक र राजनीतिक पनि । जमिन, उत्पादन वृद्धि, सम्पत्ति अभिवृद्धि र दिगो जीविकाको महत्वपूर्ण आधार हो । त्यसैले त वास्तविक किसानी गर्नेहरू जग्गाका लागि सङ्घर्ष गरिरहेका छन् ।

एकातिर जग्गाको स्वामित्व किसान परिवारको तहमा पुऱ्याउनुपर्ने सवाल छ भने यो स्वामित्व परिवारका पुरुषमात्र नभएर महिला किसानसम्म पुऱ्याउनुपर्छ भन्ने आवाज पनि बलियोसँग उठ्दैछ । यस्तो स्वामित्व र नियन्त्रण निजी जग्गामा मात्र हैन, सामुदायिक सम्पत्तिहरू वन र पानीलगायत्मा पनि हुनुपर्छ भन्नेमा पनि बहस चर्कंदैछ ।

महिलामा, उत्पादन कसरी गर्ने भन्नेबारे ज्ञानको ठूलो भण्डार छ । उनीहरु खेतिपातीबारे राम्रो जानकारी राख्छन् । त्यसलाई कसरी प्रयोग गर्नुपर्छ भन्ने जान्दछन् । त्यसैले महिला, कृषि क्षेत्रका मुख्य हस्ती हुन् । खेतिपातीमात्र हैन, वन, नदीनाला जस्ता प्राकृतिक स्रोतसँग पनि कसैको साइनो नजिकको छ भने त्यो महिलाकै छ । तर अचम्मको कुराचाहिँ यो छ कि त्यही दिनरात खट्ने महिलाको भने आफैं पसिना बगाउने जमिनमा कुनै अधिकार छैन् ।

यिनै विषयमा छलफल गर्न फागुन २०-२२ मा चितवनको ठिमुरामा ४७ जिल्लाका १७७ महिला किसान भेला भएका थिए । यो अवसर राष्ट्रिय भूमि अधिकार मञ्च र सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले जुटाएका थिए । सम्मेलनमा मूलतः २ खाले किसान थिए । पहिलो, आफ्नो जमिन नभएर अरुको जमिनमा किसानी गरेर जीविका धानेका । दोस्रो न्युन आकारको जमिन भएका तर स्वामित्व नभएका । भूमिमा स्वामित्व र सोको नियन्त्रण नहुँदाका अनेकन कथा बोकेर किसान महिला जम्मा भएका थिए । कोही मोहियानी हक पाउन सङ्घर्ष गरिरहेको सुनाउँथे । कोही आफ्नो परम्परागत खोरिया सामुदायिक वनले खोसेको गुनासो गर्थे । श्रीमान्को मृत्युपछि अंश लिन नसकेकाको पीडा उत्तिकै कहालीलाग्दो थियो । परिवारकै नाममा जमिन नहुँदा जीविका सङ्कटमा परेको सुनाउने पनि थिए । केही परिवारको खान पुग्ने जमिन भएर पनि पारिवारिक विभेदका कारण पेटभर खान नपाएको बताउँथे । हुन पनि कतिपय परिवार सम्पन्न भएर पनि तिनका महिला सदस्य भने विपन्न भएर बाँच्नुपरेको छ । घरमा अन्न भएर भोको बस्नुपरेको छ ।

भूमिको स्वामित्वले मात्र जिन्दगीमा परिवर्तन ल्याउने महिला किसानको विश्वास देखिन्छ । महिलाको शक्ति बढाउन, भोक र गरिबी घटाउन भूमिलगायत् प्राकृतिक स्रोत साधनमा स्वामित्व महत्वपूर्ण हुने तर्क र तथ्य उनीहरूले प्रस्तुत गरेका थिए । संविधान, कानुन र व्यवहारमा तुलना नै गर्न नसकिने खाडल छन् ।

छोरीले पैत्रिक सम्पत्ति पाउने कानुन कार्यान्वयनको हविगत हेर्ने हो भने यो प्रष्ट देखिन्छ । महिला अधिकारको आन्दोलन पनि यो व्यवस्थाको कार्यान्वयनमा बल पुऱ्याउने भन्दा मूल विषयबाट बाहिरिएर त्यसको असरको विरोधमा नै रुमलिएको छ । यस्तो परिवेशमा महिला किसानको भूमिमा स्वामित्व नबढाई गरिबी र हिंसा कसरी कम हुन्छ ? सम्मेलनमा भूमिमा



महिलाको अधिकार सुनिश्चित गर्न सम्पत्तिमाथिको अधिकारलाई बहसमा ल्याउने र संयुक्त जग्गाधनी पूर्जाको अभियान विस्तार गर्ने घोषणा भएको छ । भूमि अधिकार आन्दोलनलाई सुदृढ पार्न र महिला सहभागिता बढाउन संयुक्त पूर्जाको अभियान महत्वपूर्ण हुने र अहिलेको उपलब्धिमा टेकेर थप गुणात्मक उपलब्धिका लागि सङ्घर्ष गर्ने योजना उनीहरूको छ ।

भूमि अधिकारबाट वञ्चित महिला किसानले गरेको सङ्घर्षपछि नै सरकारले श्रीमान्को नाममा रहेको घर जग्गामा श्रीमतीको नामसमेत राखेर संयुक्त पूर्जा बनाउन सय रुपियाँ मात्र तिरे पुग्ने व्यवस्था गरेको छ । जग्गामा महिला र पुरुष दुवैको उस्तै अधिकार गराउन यो एउटा राम्रो रणनीति हो । त्यसैले यही व्यवस्थाका आधारमा अघि बढ्न सक्यो भने सम्पत्तिमाथिको असमान अधिकार समान अधिकारमा बदलिन सक्छ । यो बुझाइ पनि सम्मेलनमा देखियो ।

महिला किसान सम्मेलनमा संयुक्त पूर्जा बनाउने कार्यलाई सहुलियतमात्र हैन, कानुनीरूपमै अनिवार्य बनाइनुपर्ने आवाज पनि उठेको छ । जमिनमा महिलाको हक स्थापित गर्न संयुक्त पूर्जा बनाउने कामलाई

सहज बनाउन बस्ती बस्तीमा टोली खटाइनुपर्ने र संगोलनामा गराउनका लागि सरल फाराम बनाई निवेदकले नै भर्न सक्ने व्यवस्था गरिनुपर्ने माग पनि गरिएको छ । भूमिमा स्वामित्व, उत्पादन कार्यमा निर्णय र सहभागिता अनि उत्पादित वस्तुको पूर्ण उपभोगको अधिकार : यो नै सम्मेलनको केन्द्रीय विषयवस्तु थियो । सम्मेलनले भूमिमा महिलाको स्वामित्वको बहसलाई बाहिर ल्याएको छ । संयुक्त पूर्जा त्यसको एउटा भरपर्दो उपाय बनेको छ । भूमिमाथि महिला किसानको अधिकारले समानताको आन्दोलनलाई बल पुऱ्याउँछ । सम्पत्तिको फाइदा स्वामित्वले मात्र हैन, त्यसको उपयुक्त नियन्त्रण र उपभोगले दिन्छ । यो महिला र तिनका परिवारको समुन्नति, खाद्य सुरक्षा, शक्ति, न्याय, सम्मान, पहिचान बढाउन र गरिबी, भोक, शोषण, अन्याय, हिंसा र विभेदको अन्त्य गर्न महत्वपूर्ण हुनेछ ।




# अठोट र ध्यानाकर्षणपत्र

### हामी अठोट गर्छौं

संयुक्त लालपूर्जाको अभियान २१ जिल्लामा भइरहेकोमा अबको ३ महिनाभित्र यस सम्मेलनमा सहभागी ४७ वटै जिल्लामा पुऱ्याउनेछौं । यस्तो अभियानलाई फैलाउन र प्रभावकारी बनाउन मञ्चबाहेक गाविस, राजनीतिक दल र अन्य सङ्गठनसँग समेत सम्वाद र सहकार्य बढाउनेछौं । यहाँ आउने प्रत्येक अगुवा संयुक्त पूर्जा बनाउन लागि पर्नेछौं । भूमि अधिकार आन्दोलनलाई सुदृढ पार्न र महिला सहभागिता बढाउन संयुक्त पूर्जाको अभियान महत्वपूर्ण हुने र अहिलेको उपलब्धिमा टेकेर थप गुणात्मक उपलब्धिका लागि सङ्घर्ष गर्न सहमत भयौं ।

प्रत्येक जिल्लामा सङ्गठनका सदस्य, तिनका अगुवा, जग्गा पाउने महिला र पुरूषको अनुपात, गाउँ मञ्च र जिल्ला मञ्चको लैङ्गिक अवस्थाको नक्शाङ्कन गरी पूर्ण समावेशी बनाउने कार्ययोजना बनाई लागु गर्नेछौं । सुकुम्बासी आयोगले वितरण गरिरहेको सुकुम्बासी परिचयपत्र वितरणमा पुरूषलाई मात्र प्राथामिकता दिइएको छ । यस्तो परिचयपत्र महिला र पुरूष दुवैको हुनेगरी वितरण गर्न २५ वटै जिल्लामा खबरदारी गर्नेछौं । भूमि अधिकारका लागि २०६९ को चैतभर देशका विभिन्न दश स्थानमा हुने भूमि अधिकार सभामा भूमिमा किसान र महिला स्वामित्वको सवाललाई प्रमुखता साथ उठाउनेछौं ।

भूमि सुधारका विषयमा राजनीतिक दलहरूसँग गाउँ, जिल्ला र केन्द्रमा सघन सम्वाद बढाउनेछौं । आगामी निर्वाचनमा भूमि अधिकारबाट वञ्चित र किसानसँग मत माग्न आउने दललाई भूमि सुधारको खाका बनाई आउन भन्ने र सो खाका एवम् तिनका कार्यकर्ताले भूमि सुधारका सम्बन्धमा गरेका व्यवहार हेरेर मात्र विश्वास गर्नेछौं ।

सामुदायिक वनमा भूमिहीन तथा गरिब महिलाको सदस्यता, वन स्रोतको उपभोग र खाली जग्गा उपभोगको विषयलाई कार्यान्वयनमा ल्याउन लागिपर्छौं । सामुदायिक भूमि सुधारको अभ्यासलाई आ-आफ्नो समुदायबाट सुरूवात गर्नेछौं ।

### भूमि सुधार तथा व्यवस्था मन्त्रालयसँग

संयुक्त पूर्जा बनाउने कार्यलाई कानुनीरूपमै अनिवार्य बनाइनुपर्छ । जमिनमा महिलाको हक स्थापित गर्न संयुक्त पूर्जा बनाउने कामलाई सहज बनाउन बस्तीबस्तीमा टोली खटाइनु पर्छ । मालपोत कार्यालयको वडापत्रमा यससम्बन्धी प्रावधान उल्लेख गर्नुपर्छ । संयुक्त पूर्जा दिन उपयुक्त जग्गाधनी पूर्जा पठाइनुपर्छ । सुकुम्बासीले यसअघि पाएका जग्गामा पनि संगोलनामा गराउन पाउने प्रावधान हुनुपर्छ । सगोलनामा गराउनका लागि सरल फाराम बनाई निवेदकले नै भर्न सक्ने लेखनदासको मद्दत नचाहिने सरल व्यवस्था गरिनुपर्छ ।

### राष्ट्रिय महिला आयोगसँग

भूमिमा श्रम गर्ने महिला किसान, जो भूमिको अधिकारबाट वञ्चित छन् वा अति न्युन आकारको भूमिमा गुजारा गरिरहेका छन्, उनीहरूको भूस्वामित्व बढाउने विषयलाई आयोगले प्रमुख विषय बनाई आयोगको रणनीतिमा समावेश गर्नुपर्छ । महिला अधिकार आन्दोलनको महत्वपूर्ण विषय बनाउन सहजीकरण गरिनुपर्छ । भूमि अधिकारबाट वञ्चितको बस्ती उठाउने, बेदखली गर्ने, मुद्दा मामिला लगाउने कार्य बढिरहेको छ । यस्तो कार्यले महिला तथा बालबालिकालाई सबभन्दा बढी असर गरिरहेको छ । यस्तो कार्य हुन नदिन आयोगले सरकारलाई सचेत गराउनुपर्छ ।

### राजनीतिक दलसँग

भूमिमा महिला स्वामित्व बढाउन संयुक्त पूर्जा बनाउने कार्यलाई पार्टीभित्र बहसको विषय बनाइनुपर्छ र यसलाई अभियानका रूपमा सञ्चालन गरिनुपर्छ । भूमि सुधार तथा व्यवस्था मन्त्रालयले तयार पारेको भूमि सुधारसम्बन्धी कार्ययोजना लागु गर्न दबाब दिनुपर्छ ।

यो महिला र तिनका परिवारको समुन्नति, खाद्य सुरक्षा, शक्ति, न्याय, सम्मान, पहिचान बढाउन र गरिबी, भोक, शोषण, अन्याय, हिंसा र विभेद अन्त्य गर्न महत्वपूर्ण हुनेछ । कृषिको महिलाकरण भइरहेको छ तर पहुँच र नियन्त्रण खास महिला किसानको बढेको छैन् । भूमिमा महिलाको अधिकारका लागि हाम्रो लडाइँ जारी छ । दिगो, आत्मनिर्भर, सचेत र न्यायपूर्ण समाज हाम्रो गन्तव्य हो । •

# सेनेगलबाट सिक्न सकिने पक्ष



● जगत बस्नेत

सेनेगल अफ्रिकन महादेशको पश्चिमी क्षेत्रमा अवस्थित नेपालभन्दा क्षेत्रफलमा अलिकति ठूलो तर जनसंख्या झण्डै आधा, १३ मिलियनमात्रै भएको देश । लामो समयसम्म फ्रान्सको कोलोनी रहेर सन् १९६० मा मात्रै स्वतन्त्र भएको । ९४ प्रतिशत मुस्लिम धर्मावलम्वीहरूको जनसंख्या र फ्रेन्च अफिसियल भाषा भएको देश ।

चैतको पहिलो साता पहिलो पटक भ्रमण गर्ने अवसर मिल्यो । भ्रमणका क्रममा केही चाखलाग्दा कुरा देख्न र सुन्न पुगियो ।

हामीलाई सरकारी व्यवस्थापनमा रहेको इन्ष्टिच्युट डे टेक्नोलोजी एलिमान्टेरेमा बस्ने व्यवस्था गरिएको रहेछ । कोठाभित्र पस्दा देखियो । सफा, साधारण बेड, टावल, एउटा साबुन, टेवल, एट्याच टवाइलेट र एसी । कोठामा पस्नासाथ अहा ! बसेर पढुँ/लेखुँ लाग्ने वातावरण ।

तर हामीकहाँ भएका सबै सरकारी आवास माकुराको जालो लागेका, ट्वाइलेट गनहाउने, फोहोर, पानी नभएका र एकचोटि गएपछि अर्को पटक जानै मन नलाग्ने छन् । त्यति राम्रो वातावरण दिएर पनि होटेलको भन्दा धेरै सस्तो रहेछ ।

त्यहाँको आम्दानीबाट ग्रामीण समुदायलाई खाद्य प्रविधि र प्रशोधनका विषयमा तालिम दिइँदो रहेछ । धेरै मानिसहरू अन्य होटेलमा जाने भन्दा त्यही जान मन पराउँदा रहेछन् । त्यसैले एलिमान्टेरे कहिल्यै पनि खाली हुँदो रहेनछ । यो मात्रै नभएर हामी गाउँको एउटा काउन्सिलको भवनमा समुदायसँगको अन्तरक्रियामा गयौं, जहाँको हल र चर्पीहरू यहाँका होटलभन्दा कम थिएनन् तर हाम्रो त मन्त्रालयकै पनि मन्त्री, सचिव र सहसचिवका कोठाका भन्दा अरू ट्वाइलेटमा दिसापिसाव गर्न नसकिने छन् । हाम्रो देशमा यस्तो प्रशासन छ, आफू बस्ने कोठा राम्रो भएपछि अरूको कुनै मतलव छैन् । कर्मचारीले आफूलाई राम्रो गरेपछि

**नेपाल र सेनेगलमा एउटै वर्ष सन् १९६४ मा भूमि ऐन बनाइ लागु गरिएको रहेछ । सेनेगलको ८० प्रतिशत जमिन समुदायको नियन्त्रणमा छ । ५ प्रतिशत मात्रै निजी स्वामित्वमा गएको रहेछ भने १५ प्रतिशत राज्यको नियन्त्रणमा छ ।**

अरूलाई जस्तो गरुन् मतलव छैन् । त्यसैले त हामीले शक्तिको पछि लाग्ने संस्कार विकास गरिरहेका छौं ।

दोस्रो, हामीलाई एयरपोर्टमा लिन आएका ड्राइभरले भने आज मेरो जन्म दिन । अनि मेरा साथी भारतीयले सोधे कति वर्षको जन्मदिन मनाउँदै हुनुहुन्छ ? उसले भन्यो, मेरो उमेर अनुमान गर्न सक्नुहुन्छ ? मेरा भारतीय साथीहरुले अन्दाज गरे ३६ देखि ३८ वर्ष । उसले हाँसेर भन्यो म ५७ वर्ष पुगेर ५८ वर्षमा प्रवेश गरें । साथीहरूले अचम्म मान्दै सोधे साँच्चिकै ? हामीलाई लिन आएका आयोजक मित्र मिजाडेले पनि त्यही मेसोमा थपे म ७३ वर्ष भएँ । जबकि उनी ४० वर्षको जस्ता देखिन्थे ।

हामी चकित पर्‍यौं । मिजाडेले थपे मेरी आमा ९३ वर्षको हुनुहुन्छ, अझै पनि काम गर्नुहुन्छ । मेरी हजुरआमा १०३ वर्ष बाँच्नुभयो । हामीले सोध्यौं सबै सेनेगली यस्तै हुन् वा तपाईंको परिवारमात्रै हो ? हाँसेर उत्तर आयो ममात्रै किन फरक हुन्छु ? सबै सेनेगलीको सरदर आयु ७८ वर्ष छ, महिलाको मात्रै सरदर आयु ८० वर्ष छ ।

सबै सेनेगलीको उस्तै हो । उनले भने स्वास्थ्य र सुरक्षाका लागि पहिला हामीले २ वर्षका लागि आर्मी तालिम लिनुपर्छ । त्यसैगरी धेरै सेनेगली स्वास्थ्यका लागि खेल खेल्छन् । खेल

खेल्नाले स्वास्थ्यमा धेरै राम्रो असर पर्छ । युवा/युवतीका लागि सरकारले खेल मैदानमा लगानी गरि दिएको छ । खेलमा संलग्न भएपछि युवा/युवती नचाहिँदो काममा संलग्न हुन पनि भ्याउँदैनन् । यसले स्वास्थ्यमा पनि राम्रो गर्छ ।

सेनेगली खानामा धेरै ध्यान दिन्छन् । त्यसैले उनीहरू स्वस्थ छन् । अल्कोहल ९० प्रतिशतले प्रयोग गर्दैनन् । गाउँमा कुनै पनि अल्कोहलको पसल पाइँदैन् । खाली बस्दैनन् र केही न केही गरि रहन्छन् । उनका यी भनाईपछि मैले नेपालका मुसहर समुदायलाई सम्झें, जसको सरदर आयु ४२ वर्षमात्रै छ । सेनेगल गरिबै देश भए पनि त्यहाँका मानिस लामो समय बाँच्छन् ।

त्यसको मूल कारण आर्मी तालिम, खेल वा व्यायाम, अल्कोहल निषेध र दिनमा फरक-फरक खाना । सेनेगली दिनमा ३ पटक खान्छन् तर हरेक पटकको परिकार फरक हुँदोरहेछ ।

तेस्रो, सेनेगलको एउटा गाउँमा भूमि सुधार अभियानको अन्तरक्रियाका लागि गईयो । खाना खाने समय भयो । खाना टेवल टेवलमा एउटै ठूलो स्ट्रे (भाँडो) मा राखियो । मैले सोचें, प्लेट आउँदै होला तर सेनेगलीले भने सुरू गरौं । सबैले एउटै भाँडोमा खान थाले । मेरा लागि पनि उपाय भएन । सुरु गरेँ । उनीहरूले भने यहाँको खाना खाने चलन नै यस्तै छ । खानामा विभिन्न प्रकारका तरकारी र माछालगायत् विरयानी थियो ।

अन्तमा खाना बाँकी रह्यो । सोधेँ यो खाना के हुन्छ ? उनीहरूले भने गरिबलाई बाँडिन्छ, एक छिनपछि देख्न सक्नुहुन्छ । नभन्दै गेटबाहिर स्कुले बालबालिका टिफिन बक्स लिएर बसेका रहेछन् । बाँकी रहेको खाना लगेर तिनै गरिब स्कुले बालबालिलाई बाँडियो । अघिल्लो दिनमा पनि मैले प्लाष्टिकको टिफिन बक्स बोकेर हिँडेका बालबालिका बाटोमा देखेको थिएँ । उनीहरूकहाँ पकाएको खाना अर्को पटकलाई राख्ने चलन रहेनछ । शहरमा के छ थाहा भएन् तर गाउँमा यस्तो चलन देखियो ।

यसमा मैले २ वटा कुरा पाएँ । पहिलो, गरिबलाई पनि सहयोग गर्नुपर्छ भन्ने भावना र दोस्रो, स्वास्थ्यका लागि बासी खाना राम्रो होइन भन्ने बुझाई ।

---

**सबै सेनेगलीको सरदर आयु ७८ वर्ष छ, महिलाको मात्रै सरदर आयु ८० वर्ष छ । सबै सेनेगलीको उस्तै हो । स्वास्थ्य र सुरक्षाका लागि पहिला २ वर्षका लागि आर्मी तालिम लिनुपर्छ । सेनेगली स्वास्थ्यका लागि खेल खेल्छन् ।**

---

चौथो, नेपाल र सेनेगलमा एउटै वर्ष सन् १९६४ मा भूमि ऐन बनाइ लागु गरिएको रहेछ ।

सेनेगलको ८० प्रतिशत जमिन समुदायको नियन्त्रणमा छ । ५ प्रतिशत मात्रै निजी स्वामित्वमा गएको रहेछ भने १५प्रतिशत राज्यको नियन्त्रणमा छ । जुन बाटो, जंगल, नदी आदि पर्छ ।

प्रयोगको अधिकार दिएकाले बहुराष्ट्रिय कम्पनीबाहेक अरूलाई जमिनको धेरै लोभ पनि छैन् किनभने यो व्यक्तिको निजी सम्पत्तिका रूपमा अहिलेसम्म स्वीकार गरिएको छैन । सबै जनासँग जमिन छ, जमिनबिहीन वा भूमिबिहीन कोही पनि छैनन् । गाउँमा बस्नेहरूमा धनी र गरिबको खाडल धेरै छैन् वा कामदार र जमिनदार छैनन् ।

सबैको जमिन भएकाले कोही कोहीप्रति आश्रित छैनन् ।

पाँचौ, हामी गाउँको एउटा महिला सहकारीसँग छलफल गर्न गयौं । जसमा १० हजार महिला आबद्ध रहेछन् । उनीहरूले महिलाले गरेका सबै कृषि उत्पादन लिने अनि प्रशोधन गरेर बजारमा लैजाने गर्दारहेछन् ।

उनीहरूको फलफूल र तरकारीको आफ्नै ट्रेडमार्क र बजारमा स्टल रहेछ । खाद्य वस्तु पाउने प्रक्रियामा रहेछन् तर खाद्य सामग्री पनि सरकारको ट्रेडमार्कमा रहेको प्याकिङमा बिक्री गरिरहेका छन् ।

उनीहरू भन्छन् 'हामीले अप्रत्यक्षरूपमा १० हजार महिला र प्रत्यक्षरूपमा करिव ५ सय महिलालाई रोजगारी दिएका छौं । हिजो हामीलाई (राडी नामक गैरसरकारी संस्था) ले सहयोग गऱ्यो, आज हामी राडीलाई पनि सहयोग गर्न सक्छौं । हाम्रा सदस्य राडीले मागेको ठाउँमा गएर तालिम दिन्छन् ।'

मैले सोचे नेपालमा त महिलाको बचत समूह र सहकारी मात्रै छ । यसरी आफ्नै ट्रेडमार्कमा सामान उत्पादन, बिक्री वितरण गर्ने र हजारौं महिलालाई रोजगारी दिने कृषि सहकारी छैन ।

गैससले गरेकै सहयोगमा पनि समुदायलाई आत्मनिर्भर बनाउने दिगो कार्यक्रम सञ्चालन गरेको पाएँ । सोचे नेपालका गैससभन्दा सेनेगलका गैसस बचत समूह र सहकारीभन्दा अलि टाढा गएका रहेछन् । महिलाको आफ्नै उद्योग र उद्यममा सघाएका रहेछन् । ●

# जोगबुढाको सेरोफेरो



● जवालसिंह तिरूवा

पुस ११ देखि १३ सम्म सुर्खेतमा अध्ययनको अभिमुखीकरण कार्यक्रम हुँदैछ आउनू भन्ने खबर पाएँ । के काम गर्नुपर्ने हो ? तालिम के हो ? स्पष्ट थिएन् । कौतुहलता बोकेरै तालिममा सहभागी भएँ । तीन दिनको तालिमबाट थाहा भयो कि डडेल्धुरामा भूउपयोग तथा भूमिमा महिला अधिकारसम्बन्धी अध्ययन र अभियान गर्नुपर्ने रहेछ ।

अध्ययन गर्न पाउने कुराले खुशी नै लागेको थियो । त्यसमा पनि डडेल्धुराको जोगबुढा जानुपर्दा नयाँ ठाउँ भएकाले उत्साहित नै थिएँ । तर कस्तो ठाउँ होला, कसरी काम राम्रो बनाउन सकिएला भन्ने चिन्ता भने थियो । भित्री मधेश भएकाले जोगबुढा जान हिँड्न समस्या छैन् भन्ने सुनेको थिएँ । उत्साहित भएरै काम गर्न जोगबुढा पुगेँ ।

## छलफलले हौस्यायो

पुस २० र २१ गते डडेल्धुरा जाने योजना बनाई २२ गते जोगबुढा पुग्यौं । साथमा पवनजी थिए । २४ गतेदेखि स्थानीय सरोकारवालासँत भेटघाट र समुदाय सहजकर्ता छनौटको काम भयो । २६ गते गाविस सचिवले सर्वदलीय बैठक बोलाइदिनुभयो । बैठकमा राजनीतिक दलका नेता, वडा नागरिक मञ्चका संयोजकदेखि सामाजिक अगुवा, सरकारी कार्यालयका प्रतिनिधिसमेतको सहभागिता रह्यो । सबैले अध्ययन कार्यमा सहयोग गर्ने प्रतिबद्धता जनाए । भूमिसम्बन्धी थुप्रै समस्या र सम्भावना भएको जोगबुढामा अध्ययन कार्य सुरू गर्‍यौं । ठूलो गाविस हुनाले २ समूह बनाई सामाजिक नक्सा बनाउने काम सुरू भयो । स्थानीयको सहयोगले पनि उत्साह दिइरहेको थियो ।

## जय त्रिशूल डाँडा

फागुन १ गते पवन कैनी र म लालढुङ्गा बजार मा खाना खाएर तिखाचुली जाने योजनामा महेन्द्रनगरको बस चढ्यौं । जोगबुढामा सबभन्दा बढी क्षति पुर्‍याउने पुन्तरा खोला र जोगबुढाका समस्याबारे कुरा गर्दागर्दै नाउली पुगियो । त्यहाँ ऐलानीमा बनेका केही छाप्रा पहिरोको जोखिममा थिए । मालिका होटेलका साहू ललित बोहराले हामीलाई सहभागी जुटाउन सहयोग गर्नुभयो । २०२३ सालदेखि बस्ती बसेको र २०४२ सालमा नापी भएको भए पनि उनीहरूले लालपूर्जा पाएका रहेनछन् । त्यहाँबाट तिखाचुलीतर्फ हिँडियो । करिब ३ हजार मिटरको उचाईमा त्रिशूल डाँडा रहेछ । स्थानीयको भनाईअनुसार डाँडामा त्रिशूल भगवतीको मन्दिर छ । नजिकमा वेतकोट ताल छ । पौराणिककालमा देवताहरू वेतकोट तालमा नुहाएर त्रिशूल डाँडामा बस्ने गर्थे । डाँडामा करिब सय मिटर अग्लो त्रिशूल आकारको ढुङ्गा देखियो ।

**हिँड्दै गर्दा खुट्टा चिप्लिन्थ्यो । घाँस समाते उप्किएर आउँथ्यो । धन्न, एक पटक त बाबियो समातेर बाँचियो ।**

## स्मरणीय हिँडाई

बाटो नदेखेकाले हामी बसेको होटल साहूजीले एक जना सहयोगी पठाइदिएका थिए । उनी पनि डाँडामा पुगेपछि फर्किए । हामी भीरको जोखिमपूर्ण बाटो हुँदै डाँडा चढ्यौं । नाङ्गो डाँडामा झ्याउ, घाँस, बाबियाको ठुटा र झारपातमात्र थिए । हिँड्दै गर्दा खुट्टा चिप्लिन्थ्यो । घाँस समाते उप्किएर आउँथ्यो । धन्न, एक पटक त बाबियो समातेर बचियो । तल हेरे भीर ! रिङ्गटा नै लाग्ने । लामो सास फेरें । पसिना आएर थरथरी काम्न थालें । एकछिन त आँखै चिम्लेर रोकिएँ ।

अलि परको फराकिलो ठाउँमा आराम गरेर अगाडि जाँदा दुइटा बाटा भएकाले गलत बाटो हिँडिएछ । घना जङ्गलको चिप्लो बाटोमा चराचुरुङ्गीको आवाजबाहेक केही सुनिँदैनथ्यो । एक ठाउँमा घ्वाँ घ्वाँ आवाज सुनियो । बाघ हो कि भनी डरायौं । तैपनि हिँड्नुको विकल्प थिएन । डेढ घण्टा हिँडेपछि तिखाचुली पुगियो । त्यहाँ जङ्गलमा मांसाहारी बाघ छ भन्ने सुनेपछि झनै डर लाग्यो । त्यहाँबाट ३ घण्टा हिँडेर जजोला पुगेपछि थाहा भयो । बाघ भनेर डराएको त त्यो सुनिएको त पाइप फुटेर आएको पानीको आवाज पो रहेछ ।

## हरायो निन्द्रा

जजोलामा छलफल सकेर कुर्मुल्लेमा बास बसियो । उकालो हिँड्दा पसिनाले भिजेका लुगाले साँझ चिसो लागिरहेको थियो । रात पर्न थालेकाले बास खोज्न एउटा पसलमा पुग्यौं । काठको घर भएकाले रातभर चिसो हावा आइरहन्थ्यो । दिउसो हिँडेको उकालो, जंगलको बाटो ! हामी त एक दिन हिँडेका हौं, यहाँका मान्छे दैनिक भारी बोकेर कसरी हिँड्छन् होला ? उनीहरूले कति कष्ट भोगेका होलान् ? यस्ता कुराले हामीलाई चिन्तित बनायो । खासै निन्द्रा लाग्न सकेन् ।

## फेरि जाने मन

२ गते साँघुरे ताल पुग्यौं । त्यहाँ सार्की थर का ५ परिवार बस्दा रहेछन् । उनीहरू सल्यानबाट डोटी हुँदै २०३६ सालतिर जोगबुढा पुगेका रहेछन् । छलफल गर्दा उनीहरू भन्थे तपाईंहरू मात्र आइपुग्नुभो यहाँ । धेरैले जोगबुढा बजारमै हाम्राबारे कुरा सोधेर फर्कन्छन् । ६० वर्षभन्दा माथिकी एक आमा बिरामी हुनुहुँदोरहेछ । हामी बजारको बाटो गएको भनी औषधी माग्नुभयो । हामीले बोझोमिन दियौं । अस्पताल टाढा भएकाले बिरामी हुँदा जडीबुटी खाएरै उपचार गर्दा रहेछन् । उकालो चढ्न र जंगलको बाटो हिँड्न कठिन भएकाले कोही पनि गाउँमा नआउने उनीहरूको गुनासो थियो । उनीहरूको कुरा सुनिसकेपछि त्यस्तो ठाउँमा पुग्न सकेकामा हामीलाई भने खुसी महसुस भयो । अनि अठोट पनि गर्‍यौं कि मौका मिले फेरि जानुपर्छ ।

# सङ्घर्ष नै जीवन हो

**भूमि अधिकार आन्दोलनका सक्रिय अगुवा मानबहादुर नेपालीसँग भएको कुराकानीका केही अंश :**



● मानबहादुर नेपाली

**आफ्नो बारेमा बताइदिनुहोस् न ।**

कैलालीको मोहन्याल गाविस-१ मा २०२३ साल असोज ११ मा मेरो जन्म भएको हो । जन्मेको डेढ वर्षमै आमाले छाडेर अर्को विवाह गरी जानुभयो । दश वर्षको उमेरसम्म हजुरआमाले पाल्नुभयो । त्यसपछि चौमालाका राजेन्द्र लामिछाने (डाक्टर) ले कक्षा पाँचसम्म पढाउन सहयोग गर्नुभयो । १४ वर्ष उमेरमा पाँच कक्षा पास गरेँ । आफूलाई संरक्षण गर्ने अभिभावकसमेत नभएकाले जीवन निर्वाहका काम गर्न भारतको लखनउ गएँ ।

**भारतमा के गर्नुभयो ?**

होटेलमा भाँडा माझ्ने काम पाएँ । मासिक छ सय रूपियाँ तलव पाइन्थ्यो । मैले भारतमा पाँच वर्ष काम गरेँ ।

**त्यसपछिको जीवन कसरी बित्यो ?**

भारतबाट घर फर्केपछि केही समय सिलाईको काम सिकेँ र चौमालामा आफैले पसल खोलें । त्यसबाट सामान्यरूपमा जीविका चल्न सहज भयो । त्यसपछि सिमेन्ट कारखानामा टायल, ब्लक, इँटा बनाउने काम पाएँ । यसले जीविका चलाउन सहज भयो । २०४१ सालमा विवाह भयो । लुगा सिउने, भारी बोक्ने काम गरेरै १६ वर्ष बिताएँ । हामी बसेको पहिलेको जग्गा ऐलानी थियो, त्यो पनि बेचिदिएछन्, अहिले शिविरमा बसेको छु ।

**शिविरमा कसरी बस्नुभयो ?**

२०६३ सालमा चौमालाका सागर थापा, गणेश साउद, टेकबहादुर चन्दसँग सुकुम्बासीका विषयमा छलफल भयो । सबैको सल्लाहअनुसार मेरो अध्यक्षतामा एक समिति बनाइयो । त्यसको अगुवाईमा राजमार्गदेखि मोहन्याल मन्दिरसम्म ५ सयभन्दा बढी छाप्रा बनाइयो । यसले ठूलो विवाद ल्यायो । भेला बोलाएर छलफल गरियो । स्थानीय सामुदायिक वन उपभोक्ता समिति र राजनीतिक दलले पनि छाप्रा हटाउनुपर्ने पक्षमा निर्णय गरे । त्यसपछि सुकुम्बासीहरू आफूले बनाएको छाप्रा आफैं भत्काउन सहमत भए । अनि दिलबहादुर नेपालीको अध्यक्षतामा समिति बनाई माघी भन्ने ठाउँमा शिविर बनाउन सुरू गर्‍यौं । हामीलाई त्यहाँ पनि बस्न नदिने भए । भूमि अधिकार मञ्चमा गएर छलफल गर्‍यौ, पीडा सुनायौं । भोलिपल्ट नै जवालसिंह तिरूवा र खुशीराम चौधरी शिविरमा पुगे । गाउँलेले उनीहरूलाई पनि घेरे । भिडन्त हुने अवस्था आयो । तत्कालीन जिल्ला वन अधिकृत मानबहादुर खड्काले वास्तविक सुकुम्बासीलाई बस्न दिने भनेपछि स्थिति साम्य भयो ।

**भूमि अधिकार मञ्चसँग कसरी जोडिनुभयो ?**

सुकुम्बासीको विषयमा लड्ने भूमि अधिकार मञ्च छ भन्ने, थाहा पाएपछि धनगढी गई जवालसिंह तिरूवा, कल्पना कार्की, खुशीराम चौधरीसँग भेट गरी छलफल गर्‍यौं । छलफलबारे गाउँमा पनि सुनायौं । त्यसको भोलिपल्ट नै जवालसिंह तिरूवा र खुशीराम चौधरी हामी बसेको शिविरमा आए र सबैसँग छलफल गरे । त्यसपछि नियमित छलफल, भेटघाट हुन थाल्यो । भूमि अधिकार मञ्चको नीति नियम, योजना बुझेपछि मोहन्याल भूमि अधिकार मञ्च गठन गर्‍यौं र हामी सङ्गठित भयौं ।

**भूमि अधिकार मञ्चमा लागेपछि समस्या समाधान भए त ?**

अहिले पनि हटाउन खोज्नेहरूले दबाब दिन छाडेका छैनन् । बेलाबेलामा बस्ती हटाएर केरा रोप्ने कुरा पनि चल्छ । जमिन भएकाहरूले नै शिविरभित्र २५ छाप्रा बनाएका छन् । तर सङ्गठन बलियो भएकाले हटाउन सकेका छैनन् । मञ्चमा सङ्गठित भएपछि नियमित बैठक हुन थालेको छ । जमिन अधिकारका लागि आन्दोलन कोष उठाउन थालिएको छ । हामीले भूमि घर पनि बनाएका छौं । हामीलाई विश्वास छ अब हाम्रो समस्या समाधान हुन्छ ।

**भूमि अधिकार आन्दोलनमा लागेर के पाउनुभयो त ?**

भूमि अधिकार मञ्चमा सङ्गठित भएपछि उठ्न लागेको बस्ती बचेको छ । भूमिहीन, सुकुम्बासी परिवार सङ्गठित भएर बसेका छौं । हामीले पनि सुरक्षित बास र खाना पाउनुपर्छ, यो परिपूर्ति गर्ने राज्यको दायित्व हो भन्ने बुझेका छौं र माग दाबी गर्न थालेका छौं । देशभरका भूमिहीनसँग सम्बन्ध बढेको छ । सामाजिक, राजनीतिक गतिविधिमा सहभागी हुन थालेका छौं ।

त्रैमासिकरूपमा आउने बुलेटिन 'भूमि अधिकार' पढेर अधिकारका लागि बोल्नुपर्छ, चल्नुपर्छ अनिमात्र केही हुन्छ भन्ने बुझेको छु । मञ्चको विभिन्न कार्यक्रमहरुमा हिडँको अनुभवले पनि आन्दोलनमा लाग्न प्रेरणा दिइरहेको छ ।

**अबका दिनमा के गर्ने सोच बनाउनु भएको छ ?**

आफूजस्तै मान्छे भेट्दा सङ्गठन बनाउन पाए हुन्थ्यो जस्तो लाग्छ । आन्दोलनले धेरैको बुद्धि फिराउनुपर्ने महसुस गरेको छु । आफन्तजनको घरमा जाँदा पनि भूमि अधिकारकै कुरा गर्छु । सुकुम्बासी समस्या, भीमदत्त पन्तको किसान आन्दोलन, हलिया प्रथाका विषयमा बताउने गर्छु । अधिकार मागेर पाइँदैन, यसलाई खोसेर लिनुपर्छ भन्ने कुरामा अरूलाई पनि बुझाउने गर्छु । सङ्गठन राम्रोसँग चलाउने सोच बनाएको छु ।

# फोहोरमा कवाडी सङ्कलन गर्ने कामदारको अभियान

सन् १९८४ मा भारत पुनेको एक विश्वविद्यालय (एसएनडिटी) ले सुकुम्बासी बस्तीमा प्रौढ शिक्षा कार्यक्रम सञ्चालन गरेको थियो । कार्यक्रम विस्तार गर्ने क्रममा १९९० मा फोहोरमा खाली शिशी, पुराना कागज सङ्कलन गर्ने कामदारका लागि (र्‍याग पिकर्स) सञ्चालन गरियो । उनीहरू सुरूमा आउन मानेनन् । फोहोर सङ्कलन गर्ने काम, अनौपचारिक क्षेत्रमा तुच्छ मानिन्छ । यो काम गर्नेमा कथित तल्लो महार र मटाङ्ग जातिका थिए । यस कार्यमा ९२ प्रतिशत महिला थिए । उनीहरू हरेक दिन खाली खुट्टा १०-१२ किमी पैदल डुल्थे । टाउकोमा ४०-५० केजी फोहर बोक्थे । बिहान घरबाट निस्कन्थे । १२ घण्टापछि घर फर्कन्थे ।

फोहोर सङ्कलकहरू आनो पहिचानबाट वञ्चित थिए । यो काम गर्नेलाई सबैले हेयका दृष्टिले हेर्थे र धेरैले चोर पनि ठान्थे । कहीँ चोरी भयो भने यिनीहरू बसेको ठाउँ छापा मारिन्थे । उनीहरूसँग परिचयपत्र नभएका कारण प्रहरीले चोर भनेर समात्थ्यो र पैसा खान्थ्यो । उनीहरूलाई परिचयपत्र भए हुन्थ्यो भन्ने लागेको थियो । यो विषय त्यही साक्षरता केन्द्रमा छलफल भयो । कामको पहिचान नभएका कारण सामाजिक सुरक्षा थिएन । कामदारहरू कवाडी सामानको खेलो गर्ने व्यापारीबाट पनि पीडित थिए । तौल र सङ्ख्या कम लेखिदिने, पैसा समयमा नदिने आदि समस्या थियो । फोहोर सङ्कलक विभिन्न रोगबाट ग्रसित थिए । हात र खुट्टा सिसाले नकाटेका कोही थिएनन् । सुँगुर र कुकुरले टोकेका घाउ जिउभर हुन्थे । यो विषयमा साक्षरता केन्द्रमा छलफल र ट्रेड युनिएनका नेता र गैससका कार्यकर्तासँग छलफल गरियो । यो कामलाई गैससका कार्यकर्ताले उनीहरूको जीविकोपार्जन अधिकारसँग जोडेर विश्लेषण गरे । उनीहरूको कामलाई सुरक्षित बनाउनु, पहिचान दिनु जरूरी हुन्छ भन्ने छलफल भयो । कामदारलाई कानुनीरूपमै पहिचान दिनुपर्ने विषय उठ्यो । यो काम आर्थिक, उत्पादन र वातावरणको हिसावले महत्वपूर्ण हुनेबारे छलफल भयो । कसै न कसैले गर्नैपर्ने काम हो यो भन्नेमा सहमत भए ।

फोहोर सङ्कलक शहरमा मानिस नै गनिँदैनथे । कहिलेकहीँ थाकेर गाडी चढ्न खोज्दा कन्डक्टरले लात्तीले हान्थ्यो । उनीहरू कि फोहोरमा कवाडी खोज्थे । कि त फोहर भएका ठाउँ खोज्थे । एक दुईको कुरा कसैले सुन्नेवाला थिएन । त्यसैले सन् १९९३ मा उनीहरूले सङ्गठन बनाए । सङ्गठन बनाउँदा ८ सय मजदुर भेला भएका थिए । जुन भेलामा उनीहरूले जीविका, सुरक्षित तवरले फोहोर सङ्कलन गर्ने औजार प्रयोग, बच्चाहरूलाई फोहोर सङ्कलन गर्न नलगाउने, नगरपालिकाले फोटोसहितको परिचयपत्र दिनुपर्नेलगायत्का सवाल उठाए । उनीहरूले माग मात्र गरेका थिएनन् । आफूले बच्चालाई फोहोर टिप्न नलगाउने अठोट पनि गरे । पुने नगरपालिकामा परिचयपत्र पाउन आवेदन गरे तर पाएनन् । किनकि यसरी फोटो टाँसेको परिचयपत्र दिएमा कानुनतः अरू सुविधा पनि दिनुपर्थ्यो । त्यसपछि उनीहरूले नगरपालिकाअगाडि धर्ना दिए । त्यो धर्ना रक्षाबन्धनको दिन पारेर गरियो । सबैले हातमा राखी बाँधेका थिए र नगरपालिका पूरैलाई पनि धागोले घेरका थिए । उनीहरूले हामीले वातावरण सुरक्षा गरिरहेका छौं । त्यसकारण तिमीले पनि हाम्रो सुरक्षा गर्नुपर्छ । सम्बन्ध भनेको दोहोरो हुनुपर्छ भन्ने सन्देश दिन खोजेका थिए । सञ्चार माध्यमले यो विषयलाई प्राथमिकता दियो र नगरपालिकाका अधिकारी र नागरिकसँग यस सम्बन्धमा जवाफ माग्यो । यति गर्दा पनि नगरपालिकाले परिचयपत्र दिन मानेन् । यो सवाललाई प्रभावकारी ढङ्गले उठाउन उनीहरूलाई तथ्य नपुगेको महसुस भयो । यस विषयमा कलेजले अध्ययनमा सघायो । अध्ययनबाट एउटा मजदूरले वर्षेनि १८ टन कवाडी सङ्कलन गर्ने । प्रत्येक वर्षमा यसरी मजदुरी गर्ने कामबाट नगरपालिकाले यातायात खर्चमा मात्र १ करोड ६० लाख रकम जोगिने । प्रतिमहिना १ कामदारले २ सय ४६ रूपियाँ बराबरको बेतलवी काम गरेर सघाइरहेको । पुनेको व्यापारमा पुराना सामग्रीको पुनर्प्रयोगबाट १८ करोड ५० लाख बराबरको योगदान पुगेको तथ्य बाहिर आयो । वातावरणीय योगदानको त हिसाब गरेर साध्य नै थिएन् । यो सबै विषय सञ्चार माध्यममार्फत् बहसमा ल्याइयो । नीति निर्मातासमक्ष यही तथ्यका आधारमा लबिङ भयो । सन् १९९५ (सङ्गठन बनाएको २ वर्ष) मा नगरपालिका मजदुरको माग स्वीकार्न बाध्य भयो । नगरपरिषद्ले पहिलोपल्ट नगर विकास र वातावरण सफाईमा कामदारले पुऱ्याएको योगदानको कदर गर्दै परिचयपत्र दिने निर्णय गऱ्यो । फोटोसहितको कार्ड बाँडियो । यो कार्डमा नगरपालिकाको अधिकृतमात्र हैन, नगरपालिका प्रहरी प्रमुखको पनि हस्ताक्षर गर्न माग राखियो । किनकि प्रहरीले दिएको दुःखबाट बच्न प्रहरी प्रमुखको हस्ताक्षर हुँदा उनीहरूलाई तिम्रो हाकिमले पनि सही गरेको छ, यी हेर, भन्न सजिलो हुन्थ्यो । यो माग पूरा भयो, कामदारमा आत्मबल बढायो । यसपछि प्रहरीले दुःख दिने, निरूत्साहित गर्ने र तुच्छ व्यवहार गर्नमा कमी आयो ।

परिचयपत्र पाएपछि मजदुरको स्वास्थ्य बिमा गरिदियो र त्यसका लागि २ लाख ७८ हजार रुपियाँ छुट्यायो । यो जितसँगै सङ्गठन बलियो हुदैं गइरहेको थियो । सङ्गठनले बार्गेनिङ क्षमता बढायो । उनीहरूले सङ्कलन गरेर ल्याएका सामानको भाउ बढाउन माग गरे । तर बढाइएन । त्यसपछि विकल्पमा उनीहरूले सहकारी बनाए । कमाएको रकमबाट केही बचत पनि गर्दै गए । पछि त अन्यको सहयोगमा सहकारी आफैंले कवाडी सङ्कलन गर्ने र बेच्ने काम गर्न थाल्यो । पछि उनीहरूले कामलाई उद्यममा परिणत गरे । यस्तो कार्यलाई उनीहरूले ३५ हजार नगरबासीलाई सदस्य बनाएर व्यवस्थित गरेका थिए ।

यति काम गर्दा पनि उनीहरूको सङ्गठनलाई नेसनल ट्रेड युनियनको सदस्यता प्राप्त भएको थिएन् । १९९८ मा उनीहरूले अन्य नगरपालिकाबाट समेत प्रतिनिधि ल्याएर सम्मेलन गरे । जहाँ ६ हजार प्रतिनिधि थिए । नेसनल ट्रेड युनियनको सदस्यता पाउनुपर्ने माग गर्दै उनीहरू सर्वोच्चमा गए । सर्वोच्चले नेसनल ट्रेड युनियनको सदस्यता दिन आदेश गऱ्यो । यसपछि उनीहरूले आधिकारिक मजदुर सङ्गठनको मान्यता पाए । उनीहरू सन् २००१ मा बनाइएको राष्ट्रिय श्रम कमिसनको सदस्य पनि हुन पुगे ।

# हलियाहरू सदरमुकाममा

जग्गासहित सामाजिक पुनर्स्थापनाको मागगर्दै बैतडीका हलियाले जिल्ला सदरमुकाममा ऱ्यालीसहित सरोकारवालासँग अन्तर्क्रिया गरेका छन् । सरकारले हलिया मुक्त घोषणा गरेको ४ वर्ष बितिसक्दा पनि पुनर्स्थापनाको विकल्प नदिएको हलियाको भनाई छ । हलियासँग बास बस्ने ठाउँसमेत नभएकाले




सरकारले ल्याएको कुखुरा दिने, तालिम दिने नीति आफ्ना लागि उपयुक्त नभएको उनीहरूले बताए । अन्तर्क्रियामा नौटे लोहारले हलिया ऋण असुल गर्न साहूले ५० हजारको भैंसी जबर्जस्ती लगेको बताएका थिए भने हलो जोत्दाजोत्दै काकाको मृत्यु भइसकेपछि १२ वर्षको भाइलाई ऋण तिर्न साहूले दबाब दिइरहेको पीडा पोखेका थिए ।

पाटनका भानदेव कलौनीले लालपूर्जा पाएको १५ वर्षसम्म जग्गा भोगचलन गर्न नपाएको र त्यस सम्बन्धमा पहल गरिदिन ११ पटक लालपूर्जाको फोटोकपी सरोकारवालालाई बुझाउँदा पनि केही नभएको गुनासो गरेका थिए ।

दशरथ चन्द नगरपालिकाकी सीता दमाईले खुला दिशामुक्त क्षेत्र घोषणा गर्ने अभियान चलिरहेको बेला आफूहरूसँग शौचालय बनाउने जमिनको टुक्रा पनि नभएको पीडा सुनाइन् । विशालपुरका मगजी लोहारले १६ वर्षदेखि हलो जोत्दै आएको भए पनि आफूसँग केही नभएको बताए ।

कार्यक्रममा बोल्ने अधिकांशले दलहरूप्रति आशा गरेको भए पनि फल पाउन नसकेकोमा चिन्ता व्यक्त गर्दै अझै पार्टीको नीतिअनुरूप हलिया पुनर्स्थापनाका सवालमा प्रतिबद्धता पुरा गर्न अनुरोध गरेका थिए ।

मालपोत कार्यालयका प्रतिनिधिले हालसम्म १ हजार १ सय ८७ जनालाई परिचयपत्र वितरण गरी ११० जनालाई पुनर्स्थापनाका लागि उद्यमशीलता तालिम दिएको बताएका थिए ।

बाँधा तथा बँधुवा श्रम निषेध गर्ने सम्बन्धमा बन्दै गरेको ऐन निर्माण र कार्यान्वयनमा हलिया महिला पुरूषको सहभागिता हुनुपर्ने, हलियाहरूको पुनः तथ्याङ्क सङ्कलन गर्न जिल्ला परिषद्बाट बजेटसहित योजना पारित गर्नुपर्ने, जग्गासहित पुनर्स्थापनाको प्रक्रिया सुरू गर्नुपर्ने, हलिया परिचयपत्र र पुनर्स्थापनाका लागि दलहरूको सहभागितामा संरचना निर्माण गरिनुपर्ने माग उनीहरुले राखेका थिए । हलियाहरूको मागप्रति सहयोग गर्ने दलका नेताहरूले बताएका छन् ।

भेलामा करिव पाँच सयको सहभागिता थियो । भूमि अधिकार मञ्चको आयोजनामा भएको भेलामा दलित, भूमिहीन किसान सघं, राष्ट्रिय दलित नेटवर्क, दलित गैरसरकारी संस्था महासघं, हलिया मुक्ति समाज महासघं र इन्सेकलेपनि ऐक्यबद्धता जनाउँदै सहयोग गरेका थिए ।

## स्थानीय स्रोतमा दाबी

जिल्ला भूमि अधिकार मञ्च कैलालीले स्थानीय स्रोतमा गरेको दाबीमा चौमाला गाविसले १० हजार र मसुरिया गाविसले ४५ हजार रुपियाँ भूमि अधिकार बाट वञ्चितहरूको आयआर्जन र क्षमता विकास कार्यक्रमका लागि विनियोजन गरेको छ । रकमले जिल्ला मञ्चको भूमि घर मा शौचालयको छाना बनाउने, धारा हाल्ने र घेरबार लगाउने योजना बनेको छ ।

जिल्ला भूमि अधिकार मञ्च, नुवाकोटको रातमाटे गाविसका माकलदेवी, अनन्तेश्वर र महादेवश्वर गाउँ भूमि अधिकार मञ्चका लागि गाउँ परिषद्ले १५ हजार रुपियाँ विनियोजन गरेको छ । गाउँ मञ्चका अगुवा र अभियानकर्ताले गाउँ परिषद् हुनुभन्दा पहिले नै राजनीतिक दल र गाविस सचिवलाई भेटेर आन्दोलनलाई सहयोग गर्न माग राखेका थिए ।

दाङको बेला गाविसको परिषद्बाट गाविसमा वितरण गरिने बसोबासको प्रमाणपत्र र सुकुम्बासी परिचयपत्र वितरणको छानविनका लागि १० दश हजार रुपियाँ विनियोजन भएको छ ।

यसैगरी जिल्ला भूमि अधिकार मञ्च सिन्धुपाल्चोकको दुवाचौर गाउँ भूमि अधिकार मञ्चका सुकुम्बासीको जग्गा छुट्याउन दुवाचौर गाउँ परिषद्बाट ३० हजार रुपियाँ विनियोजन भएको छ ।

# संयुक्त जग्गाधनी पूर्जा बनाउने बढे

संयुक्त जग्गाधनी पूर्जा अभियान देशव्यापीरूपमा जारी छ । यस अवधि (माघ-चैत) मा विभिन्न जिल्लामा सञ्चालन भएको अभियानबाट संयुक्त जग्गाधनी पूर्जा बनाउने जोडी बढेका छन् । संयुक्त जग्गाधनी पूर्जा बनाउने अभियानबाट भूमिमा महिलाको स्वामित्व बढ्दै गएको छ ।

यस अभियानमा सङ्गठित भई यस अवधिमा श्रीमान्को नाममा भएको जमिनको लालपूर्जामा श्रीमतीको नाम थपी फोटो टाँस गरी ९२ जोडीले २९.११ हेक्टर जमिनमा संयुक्त जग्गाधनी पूर्जा बनाएका छन् । यसबाट श्रीमान्को मात्र नाममा भएको जमिनमा श्रीमतीको पनि बराबरी हक कायम भएको छ ।

यस अवधिमा सिन्धुपाल्चोकमा २२ जोडीले २१२ रोपनी क्षेत्रफल जमिनमा पति/पत्नी दुवैले संयुक्त स्वामित्व कायम गरेका छन् । महोत्तरीमा १६ जोडीले ५ विघा १९ कट्ठा ११ धुर क्षेत्रफलको जमिनमा संयुक्त पूर्जा बनाएका छन् । सुनसरीमा १४ जोडीले २ विघा ६ कट्ठा १७ धुरमा संयुक्त स्वामित्व कायम गरेका छन् । नुवाकोटमा ११ जोडीले ५८ रोपनी जमिनमा संयुक्त स्वामित्व कायम गरेका छन् । झापामा ७ जोडीले २ विघा १ कट्ठा १४ धुर क्षेत्रफलमा संयुक्त पुर्जा बनाएका छन् । रसुवामा ५ जोडीले ३० रोपनी जग्गामा संयुक्त स्वामित्व कायम गरेका छन् । सर्लाहीमा ४ जोडीले २ कट्ठा २ धुर जमिनमा संयुक्त स्वामित्व कायम गराएका छन् । खोटाङमा ४ जोडीले ११२ रोपनी क्षेत्रफलको जमिनमा संयुक्त स्वामित्व कायम गराएका छन् । धनकुटामा ३ जोडीले ४ रोपनी जग्गामा संयुक्त स्वामित्व कायम गराएका छन् । डडेलधुराका २ जोडीले ४ आना क्षेत्रफलको जमिनमा संयुक्त स्वामित्व कायम गराएका छन् । त्यसैगरी ललितपुर, दाङ, पाल्पा र पर्वतका एकएक जोडीले भूमि अभियानमा सङ्गठित भई संयुक्त जग्गाधनी पूर्जा बनाएका छन् ।

# सुकुम्बासी तथा बसोबास परिचयपत्र प्राप्त

जिल्ला भूमि अधिकार मञ्चहरूले गरेको अभियान, आन्दोलन, धर्ना, डेलिगेसन, छलफल र सम्वादबाट विभिन्न जिल्लामा बसोबास गर्ने सुकुम्बासी, भूमिहीनहरूले परिचयपत्र तथा बसोबासको प्रमाणपत्र प्राप्त गरेका छन् । जिल्ला सुकुम्बासी समस्या समाधान आयोग र गाविसमार्फत् परिचयपत्र तथा प्रमाणपत्र प्राप्त गरेका हुन् ।

यस अवधि (माघदखि चैतसम्म) मा सुनसरीमा सुकुम्बासी समस्या समाधान आयोगमा १७ हजार ३ सय निवेदन दर्ता भएकामा हालसम्म २३ गाविसमा ४ हजार एक सय १० जनाले सुकुम्बासी परिचयपत्र प्राप्त गरेका छन् ।

झापाको अनारमनी, बनियानी, केचनी र बालुवाडी गाविसमा बसोबास गर्ने १ हजार ८ सय ३२ सुकुम्बासीले परिपयपत्र पाएका छन् । साथै अनारमनी गाविसमा भएको किसानहरूको आन्दोलनबाट १ सय ३० जना किसानले जोताहा भरपाई प्राप्त गरेका छन् ।

रौतहटको रङ्गगपुर, लक्ष्मीपुर, सन्तपुर, प्रतापपुर र पल्टुवा गाविसका ५ सय ५२ परिवार सुकुम्बासीले परिचयपत्र पाएका छन् ।

सप्तरीको सीतापुर गाविसमा बसोबास गर्ने १ सय ७७ परिवार किसानले गाविसबाट बसोबासको प्रमाणपत्र पाएका छन् ।

मोरङको मृगौंलिया र बेलबारी गाविसका ७७ सुकुम्बासी परिवारले सुकुम्बासीको परिचयपत्र प्राप्त गरेका छन् । सिरहाको पडरिया गाविसमा बसोबास गर्ने ४० परिवार किसानले गाविसबाट बसोबासको प्रमाणपत्र पाएका छन् ।

दाङको हेकुलीमा ५ परिवार किसानले जोतभोगको आधारमा गाविसबाट प्रमाणपत्र पाएका छन् ।

महोत्तरीको खयरमारा गाविसका ४२ सुकुम्बासी परिवारले परिचयपत्र प्राप्त गरेका छन् । साथै किसाननग-७ बाटेलीका १२ जना भूमिहीन परिवारले गाविसबाट बसोबासको प्रमाणपत्र लिएका छन् । बाँकेको नौबस्ता गाविस-७ बाजुरेली टोलका २८ सुकुम्बासी परिवारले सुकुम्बासी परिचयपत्र प्राप्त गरेका छन् ।

सिन्धुपाल्चोक बाडेँ गाउँका ४८ जना मोही किसानले गाविसबाट जोतभोगको प्रमाणपत्र पाएका छन् । गाविसमा दिइएको निवेदनअनुसार किसानले जोतभोग गरिरहेको जग्गामा मोही हकका लागि प्रमाण पाएका हुन् ।

# किसान जागरण : सुर्खेतमा यात्रा, पर्वतमा र्‍याली

सुरक्षित घरबास सबैलाई, खेतीयोग्य जमिन किसानलाई भन्ने सन्देश सहित चैत १६-२० सम्म सुर्खेतमा किसान जागरण यात्रा गरियो । यात्रामा पूर्वतर्फबाट सहारे, मेहलकुना, दहचौर, गुमी, लेखफर्सा, दशरथपुर, कल्याण, जर्बुटा, लाटीकोइली हुँदै वीरेन्द्रनगर र पश्चिमतर्फबाट कुनाथरीको बयीचौरदेखि पोखरीकाँडा, भेरीछाल, भट्टेघारी, रानीवन, ओदालताल, दमारे, लेखगाउँको सिमलचौर उत्तरगङ्गा हुँदै वीरेन्द्रनगरमा दुवैतर्फको यात्रा टोली भेला भई किसान जागरण सभा गरियो । जागरण अभियानमा ६० किमि पैदल यात्रा गरिएको थियो ।



भूमि अधिकारबाट वञ्चित १ सय ५० किसान प्रत्यक्ष सहभागी भई पाँच दिनसम्म यो जागरण यात्रा सम्पन्न गरेका हुन । किसान जागरण यात्राले भूमि अधिकारबाट वञ्चित १५ हजार किसानमा भूमि अधिकारको सन्देश पुगेको छ ।

यात्राको अन्तिम दिन वीरेन्द्रनगरमा भएको सभामा स्थानीय राजनीति दलका नेता, राष्ट्रिय भूमि अधिकार मञ्चका महासचिव ल्यामबहादुर दर्जी, स्थानीय नागरिक समाज, मानव अधिकार कर्मीलगायतको उपस्थिति थियो कार्यक्रममा सहभागी राजनीतिक दलका नेताहरूले किसानहरू भूमिको समस्याबाट धेरै पीडित बन्नुपरेकाले अब बन्ने संविधान सभाबाटै भूमि सुधारको ग्यारेण्टी गरिनुपर्ने बताएका छन् । उनीहरूले भूमि र कृषि सुधारका लागि व्यावहारिकरूपमा सबैको प्रतिबद्धता खाँचो रहेको बताउँदै भूमि अधिकार मञ्चको अभियानमा सहयोग गर्ने पनि बताए । यात्राको पाँच दिने अवधिमा विभिन्न गाउँ र संगठनमा पुगेका यात्रीलाई अगुवाहरूले खाना, बासलगायत् अन्य व्यवस्थापनमा समेत सहयोग गरे ।

यात्राबाट भूमि अधिकारबाट बञ्चित हजारौं किसानको भूमि अधिकार पाउने आशा पलाएको छ भने अगुवाहरूमा अभियान र आन्दोलनको विषयमा ज्ञान वृद्धि भई सङ्गठनप्रतिको जिम्मेवारीपन बढेको छ । यात्राले भूमि सुधारमा राजनीतिक दलहरूले गरेको वाचा र प्रतिबद्धता स्मरण गराउनुका साथै सरोकारवालालाई पनि भूमि सुधारप्रति सचेत गराएको छ ।

त्यसैगरी जिल्ला भूमि अधिकार मञ्च, पर्वतको २०६९ माघ २५ देखि २७ गतेसम्म जिल्लाका चार गाविसमा किसान जागरण र्‍याली भयो । पाखापानी, भोर्ले, सरौखोला र हुवास गाविसमा भएका किसान जागरण र्‍यालीमा भूमि अधिकार मञ्चमा सङ्गठित किसानहरू, स्थानीय सरोकारवाला निकायहरू र राजनीतिक दलका नेताहरूको पनि सहभागिता थियो । किसान जागरण अभियानका क्रममा र्‍याली, कोणसभा कार्यक्रम, छलफल, अन्तर्क्रिया कार्यक्रम भएका छन् । कार्यक्रममार्फत् भूमिअधिकार मञ्चमा सङ्गठितहरूलाई कुत बुझाएको भरपाई अनिवार्य लिनुपर्ने, सयमा संयुक्त पूर्जा बनाउनुपर्ने, संयुक्त पूर्जाका लागि अभियान सञ्चालन गरिनुपर्ने, सङ्गठन परिचालन, न्युन ज्याला भएका किसानका लागि उचित ज्यालाको अभियान गरिनुपर्ने र स्थानीय स्तरमा रहेको भूमिको समस्या निराकरणका लागि सङ्गठित अभियान आवश्यक भएको विषयमा जागरण गराइयो ।

किसान जागरण अभियानमा विभिन्न गाउँ भूमिअधिकार मञ्चमा पुगेका र्‍यालीका सहभागिहरुलाई आफूले भोग्दै आएको पीडा किसानहरूले सुनाएका थिए । •

## अगुवालाई प्रशिक्षण

अगुवाहरूको क्षमता विकास र भूमि आन्दोलनको नियमित प्रक्रियामा देखिएका कठिनाई हटाउनका लागि जिल्ला भूमि अधिकार मञ्च कैलालीको भूमि घरमा एक दिने प्रशिक्षण भएको छ ।

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका कार्यक्रम व्यवस्थापक जगत देउजाले भूमि आन्दोलनको हालसम्मको प्रभाव र आगामी ५ वर्षमा गर्न खोजेको अभियानको विषयमा अगुवामाझ सहजीकरण गर्नुभयो ।

प्रशिक्षणले विगतमा भएका हाम्रा कामले आन्दोलनलाई माथि उठाउनका लागि सफल भएको र आगामी दिनमा पनि निश्चित स्थानमा नमुना काम गरी नीतिगत तथा अधिकारबाट वञ्चितहरूको जीवनस्तर उकास्ने खालको काम गर्नुपर्नेमा अगुवाहरूमा ऊर्जा थपेको छ । प्रशिक्षणमा २१ अगुवाको सहभागिता थियो ।

# सम्मेलन भयो

२०६९ माघदेखि चैतसम्म १३ जिल्ला भूमि अधिकार मञ्चको सम्मेलन भएको छ । यस अवधिमा धनुषा, रौतहट, महोत्तरी, अछाम, सिन्धुपाल्चोक, म्याग्दी, बाजुरा, नवलपरासी, मोरङ, कैलाली, कञ्चनपुर, कपिलवस्तु र पर्वतमा मञ्चको जिल्ला सम्मेलन भएको छ । जिल्ला सम्मेलनबाट चयन भएका पदाधिकारीहरूको नाम यस प्रकार छ :

**जिल्ला : धनुषा**

| | |
|---|---|
| अध्यक्ष | इच्छाराम परियार |
| उपाध्यक्ष | जइसा खातुन |
| सचिव | नेत्र विक |
| कोषाध्यक्ष | गुथुमाया मिजार |
| सदस्य | जगत्रादेवी शर्मा |
| सदस्य | ददिता खातुन |
| सदस्य | सुनामसिं लामा |
| सदस्य | कालुसिं घिसिङ |
| सदस्य | दिनेश ठाकुर |
| सदस्य | जोखनीदेवी महत्ता |
| सदस्य | विलादेवी पासवान |

**जिल्ला : महोत्तरी**

| | |
|---|---|
| अध्यक्ष | फौदसिं स्याङ्बा |
| उपाध्यक्ष | फूलकुमारी सदा |
| सचिव | राजकुमार बस्नेत |
| कोषाध्यक्ष | खिलमाया गिरी |
| सहसचिव | एकबहादुर भुजेल |
| सदस्य | अमरबहादुर कार्की |
| सदस्य | शेरबहादुर रावत |
| सदस्य | वीरबहादुर विक |
| सदस्य | महमुद शेद |
| सदस्य | मेघबहादुर लामा |
| सदस्य | कीर्तिमाया राना |
| सदस्य | सरीता बस्नेत |
| सदस्य | प्रकाश पासवान |
| सदस्य | भगवती रामदाम |
| सदस्य | तारा लुङ्गेली |
| सदस्य | हरिमाया लामिछाने |
| सदस्य | ललिता राम |

**जिल्ला : रौतहट**

| | |
|---|---|
| अध्यक्ष | अनुप माझी |
| उपाध्यक्ष | फूलमती कुशवार |
| सचिव | मानन्द माझी |
| कोषाध्यक्ष | वसन्ती चौधरी |
| सहसचिव | अधिकलाल चौधरी, |
| सदस्य | बुँदियादेवी माझी, |
| सदस्य | चन्द्रबहादुर थिम |
| सदस्य | मोहन पासवान |
| सदस्य | कमला परियार |
| सदस्य | कुमारी विक |
| सदस्य | काजल माझी |

**जिल्ला : अछाम**

| | |
|---|---|
| अध्यक्ष | मङ्गला विक |
| उपाध्यक्ष | कलु रावल |
| सचिव | सरस्वती विक |
| कोषाध्यक्ष | डिकरा रावल |
| सहसचिव | रङ्गे भुल |
| सदस्य | मोती कामी |
| सदस्य | केशबहादुर ढोली |
| सदस्य | कोकिला विक |
| सदस्य | शाबी विक |
| सदस्य | इन्द्रबहादुर विक |
| सदस्य | मेघबहादुर भूल |

**जिल्ला : बाजुरा**

| | |
|---|---|
| अध्यक्ष | अम्मर विक |
| उपाध्यक्ष | वीरेन्द्र सार्की |
| सचिव | पवित्रा विक |
| कोषाध्यक्ष | गङ्गाकुमारी सिं |
| सहसचिव | राजेन्द्र विक |
| सदस्य | डल्लीदेवी रोकाया |
| सदस्य | लालबहादुर सार्की |
| सदस्य | तुलबहादुर सार्की |
| सदस्य | जनक उखेडा |
| सदस्य | परवीर विक |
| सदस्य | रीमा तामाङ |
| सदस्य | लालबहादुर विक |
| सदस्य | मन्धरा रोकाया |

**जिल्ला : सिन्धुपाल्चोक**

| | |
|---|---|
| अध्यक्ष | नवराज गुरागाइँ |
| उपाध्यक्ष | सन्तमाया तामाङ |
| सचिव | सीता भुजेल |
| कोषाध्यक्ष | ग्यालजेन लामा |
| सहसचिव | सृजना पौडेल |
| सदस्य | चरीबहादुर घिसिङ |
| सदस्य | रामबहादुर श्रेष्ठ |
| सदस्य | जीवनाथ घोरासैनी |
| सदस्य | आइते तामाङ |

**जिल्ला : म्याग्दी**

| | |
|---|---|
| अध्यक्ष | खडकबहादुर विक |
| उपाध्यक्ष | लक्ष्मी परियार |
| सचिव | कृष्ण किसान |
| कोषाध्यक्ष | गीता बोहरा |
| सहसचिव | बलबहादुर परियार |
| सदस्य | सीता परियार |
| सदस्य | शोभा किसान |

**जिल्ला : नवलपरासी**

अध्यक्ष पूर्णकुमार बोहरा
उपाध्यक्ष सुमित्रा गौण
सचिव लालु खनाल
कोषाध्यक्ष उमकला पाण्डे
सहसचिव सीता लम्साल
सदस्य दलबहादुर थापा
सदस्य कर्णबहादुर तामाङ
सदस्य सुख्खु मुसहर
सदस्य अन्जु कुमाल
सदस्य विन्दा गुप्ता
सदस्य रेश्मा पासी
सदस्य होमबहादुर मुसहर
सदस्य कपिल परियार

**जिल्ला : मोरङ**

अध्यक्ष चक्रबहादुर पोखेल
उपाध्यक्ष दुर्गा राई
सचिव होमनाथ पोखेल
कोषाध्यक्ष नेप्लु माझी
सदस्य कृष्णप्रसाद गौतम
सदस्य धोरन चौधरी
सदस्य कमला रत्ने
सदस्य दिलकुमारी राई
सदस्य रामचरणी ऋषिदेव
सदस्य दिनेश ऋषिदेव
सदस्य भगिवन्त विक

**जिल्ला : कैलाली**

अध्यक्ष चन्द्रा विक
उपाध्यक्ष पूर्ण नेपाली
सचिव टेकेन्द्र सिंजाली
कोषाध्यक्ष इन्द्रा सुनार
सहसचिव पदम राजी
सदस्य लक्ष्मण विक
सदस्य मानबहादुर नेपाली
सदस्य ललिता मयाल
सदस्य मीना चौधरी
सदस्य जगत्रा विक
सदस्य बन्दना चौधरी
सदस्य तारा विक
सदस्य जमुना खत्री
सदस्य सुनिता चौधरी
सदस्य उमा न्यौपाने
सदस्य जनार्दनप्रसाद चौधरी
सदस्य कोकिला सार्की

**जिल्ला : कपिलवस्तु**

अध्यक्ष प्रमोद पौडेल
उपाध्यक्ष निरपत थारु
सचिव कमला परियार
कोषाध्यक्ष गौरी थारु
सहसचिव सरीता गौतम
सदस्य तानबहादुर रेशमी मगर
सदस्य विष्णु थारु
सदस्य शिवपूजन भुज
सदस्य सादमहमद दर्जी
सदस्य अमिना खातुन
सदस्य अशोक हरिजन
सदस्य रोजन निशा

**जिल्ला : कन्चनपुर**

अध्यक्ष पार्वती डगौरा
उपाध्यक्ष रामबहादुर चुनारा
सचिव कर्णबहादुर बानियाँ
कोषाध्यक्ष राजु विक
सहसचिव जनकराज कार्की
सदस्य मीना रावल
सदस्य निर्मला धामी
सदस्य गर्भुराम चौधरी
सदस्य सुमीदेवी कोली
सदस्य रामकला जबरेल
सदस्य लक्ष्मीदेवी गिरी
सदस्य गीता थापा

**जिल्ला : पर्वत**

अध्यक्ष गोपाल बिक
उपाध्यक्ष खिरमाया परियार
सचिव पदम बिक
कोषाध्यक्ष सुजना बिक
सदस्य भुपाल बिक
सदस्य निर्मल नेपाली
सदस्य टेकबहादुर नेपाली
सदस्य ओम बिक
सदस्य रामभक्त बिक

## गाउँब्लकबासीले लालपूर्जा पाए

जिल्ला भूमि अधिकार मञ्च सिरहाको पहलमा सीतापुर गाउँ भूमि अधिकार मञ्चमा सङ्गठित १२ परिवार गाउँब्लकबासीले लालपूर्जा पाएका छन् ।

जिल्ला मालपोत कार्यालय सिरहामार्फत् पडरिया गाविसको सन्तोषी गाउँ भूमि अधिकार मञ्चमा संङ्गठित ४० परिवारमध्ये ३ महिलासहित ९ पुरुषको नाममा लालपूर्जा वितरण भएको छ ।

# भूमिघर बन्यो

दाङ, गङ्गापरस्पुर-८ बाँकी गाउँ भूमि अधिकार मञ्चमा सङ्गठित २३ महिलाले आफ्नै भूमि घर बनाएका छन् । उनीहरूले भूमि घर बनाउन स्थानीय भवानी सामुदायिक वन समितिसँग ३० हजार बराबरको काठ, स्वान संस्थाबाट ३० हजार आर्थिक सहयोग र २० हजारको जनश्रमदानबाट भूमि घर निर्माण गरेका हुन् ।

भूमि घरमा मञ्चको नियमित बैठक सञ्चालन गरी छलफल गर्ने, अभियानका योजना बनाउने र उनीहरूले निर्माण गरेका मञ्जरी महिला कृषि सहकारीको नियमित कारोवार सञ्चालन गर्न थालेका छन् ।



## पूर्व प्रमसँग हलियाको माग

डडेल्धुरा जिल्लाका भद्रपुर पुगेका नेपाली कङ्ग्रेसका वरिष्ठ नेता तथा पूर्व प्रधानमन्त्री शेरबहादुर देउवालाई भागेश्वर भूमि अधिकार मञ्चमा सङ्गठित हलियाले भेटी उनीहरूलाई जग्गासहित पुनर्स्थापनाका लागि पहल गरिदिन माग राखेका छन् ।

उनीहरूले आफ्नो बस्ती नजिकै कुवा झाड भन्ने ठाउँमा रहेको करिव ३० रोपनी खाली जग्गा आफूलाई उपलब्ध गराइदिए जीविका चलाउन सहज हुने माग पनि राखेका थिए । देउवाले हलियाको मागप्रति आफूले सक्दो सहयोग गर्ने बताउनुभएको छ ।

## सम्वाद कार्यक्रम भयो

जिल्ला भूमि अधिकार मञ्च झापाको आयोजनामा अनारमनी गाविसको विर्तामोडमा जोताहा र सकुम्बासी विषयक सम्वाद कार्यक्रम भयो । कार्यक्रममा विभिन्न राजनीतिक पार्टी, स्थानीय सरोकारवाला, सुकुम्बासी आयोगका प्रतिनिधि र भूमि अधिकारबाट वञ्चितको सहभागिता थियो । कार्यक्रममा सहभागीले जोताहा र सुकुम्बासीलाई सरकारले जमिनको अधिकार दिनुपर्नेमा जोड दिएका थिए । सकुम्वासी आयोगले १५ हजार परिचयपत्र वितरण गरिसकेको र बाँकी सुकुम्बासीलाई यथाशक्य चाँडो परिचयपत्र वितरण गर्न माग गरियो । कार्यक्रममा सहभागि बार एसोसिएसनका प्रतिनिधिले भूमि अधिकार मञ्चलाई आवश्यक कानुनी सल्लाहका लागि सधैं सहयोग गर्ने प्रतिबद्धता जाहेर गरे । कार्यक्रममा भूमिमा महिलाको स्वामित्व बढाउनका लागि संयुक्त पूर्जा एक आधार भएकाले यसको अभियान व्यापक अगाडि बढाउन सुझाव आयो ।

## अगुवा प्रशिक्षण भयो

जिल्ला भूमि अधिकार मञ्च कैलालीको क्रियाशील अगुवा कार्यकर्ताको क्षमता विकास र आन्दोलनको नियमित प्रक्रियामा देखिएका कठिनाई फुकाउने उद्देश्यले माघ १६ गते जिल्ला मञ्च भूमि घरमा १ दिने प्रशिक्षण भएको छ ।

आत्मनिर्भर सेवा केन्द्रका कार्यक्रम व्यवस्थापक जगत देउजाले भूमि आन्दोलनको प्रभावबारे जानकारी गराई आगामी ५ वर्षमा गर्न खोजेको कामको बिषयमा सहजीकरण गर्नुभएको थियो । छलफलबाट विगतमा भएका कामले आन्दोलनलाई चर्चामा ल्याउन सफल भएको र आगामी दिनमा निश्चित स्थानमा नमुना काम गरी नीतिगत तथा अधिकारबाट वञ्चितहरूको जीवनस्तर परिवर्तन ल्याउने काम गर्नुपर्ने निश्कर्ष आएको थियो ।

प्रशिक्षणमा प्रत्येक कार्यकर्ता समुदायको अधिकार र आफ्नो जिम्मेवारीप्रति सचेत रहनुपर्ने कुरा भएको थियो । प्रशिक्षणमा २१ जना (६ महिला) को सहभागिता थियो ।

## भूमि घरका लागि जग्गा दान

गृह्यडाँडा गाउँ भूमि अधिकार मञ्च कुन्तादेवी-९ मा गाउँ मञ्चको भवन निर्माणका लागि सोही गाउँ भूमि अधिकार मञ्चकी सदस्य उमा गौतमले २० हात लम्बाई क्षेत्रफल भएको जग्गा निःशुल्क उपलब्ध गराएकी छिन् ।

गाउँ मञ्चको बैठक बस्न, विभिन्न अभियानका कार्यक्रमबारे छलफल चलाउन, तालिम तथा प्रशिक्षण सञ्चालन गर्नका लागि स्थान आवश्यक थियो । उमाले जग्गा दिएपछि मञ्चले सामुदायिक वनसँग काठ सहयोग मागी भवन निर्माण कार्य थालेको छ ।

# बाद्यदेव गाउँ भूमि अधिकार मञ्च

बारा जिल्लामा ५२ वटा गाउँ भूमि अधिकार मञ्च निर्माण भएका छन् । तीमध्ये बाद्यदेव भूमि अधिकार मञ्च पनि एक हो । २०६७ सालमा निर्माण भएको यो सङ्गठनले ४३ जनालाई सङ्गठित गरी भूमि अधिकार अभियानका गतिविधि सञ्चालन गर्दै आइरहेको छ ।

गाउँ मञ्चमा ९ पुरूषसहित ३६ जना सङ्गठित छन् । यो सङ्गठनमा महिनाको प्रत्येक पहिलो शनिबार नियमित छलफल हुने गर्दछ ।

गाउँ मञ्चकै सक्रियतामा आन्दोलन कोष सुरू भएको छ। जसमा ३ हजार ६ सय ६० रूपियाँ जम्मा भइसकेको छ। यस सङ्गठनको सक्रियतामा निजगढ-३ मा बैठक बस्नमा सहजता होस् भनी १२ हजार रुपियाँको लागतमा चौतारोसमेत निर्माण गरिएको छ । मञ्चले भूमिको आन्दोलनमा सक्रियतासाथ लाग्नका लागि सबै सदस्य उपस्थित हुने, छलफल गर्ने, आ-आफ्नो सवालमा केन्द्रित भई छलफल गर्ने काम पनि सुरु गरेको छ । यस सङ्गठनमा आबद्ध सम्पूर्ण सदस्यको ऐलानी जग्गामा बस्छन्, जसको पूर्जा प्राप्त भएको छैन् । आफूहरुका लागि कुनै पनि राजनीतिक पार्टीले सहयोग नगरेकाले आफ्नो समस्यामा आफैँ नलागी हक अधिकार प्राप्त गर्न सकिँदैन भन्ने बुझाई मञ्चमा आबद्ध सबै सदस्यको छ ।

चुरेको समस्याबारे गरिएको पत्रकार सम्मेलनमा समेत यस मञ्चको तर्फबाट दाल, चामल, तरकारी, टपरी तथा अन्य खानेकुराको जोहो गरिएको थियो । २०६९ साल मङ्सिर १३ गतेको यो पत्रकार सम्मेलनमा यो मञ्चले ५ हजार रुपियाँ बराबरको सहयोग गरेको थियो ।

हाल गठन भई सञ्चालनमा आएको उत्पादनशील कृषि सहकारी संस्था २८ जना सेयर सदस्य छन् । जसमध्ये १३ जना यसै मञ्चका सदस्य छन् । स्थानीय तहको तालिममा मात्र हैन, केन्द्रीय मञ्चको कार्यक्रममा समेत यो मञ्चको सक्रिय सहभागिता हुने गरेको छ । यसैगरी यो सङ्गठनका सदस्यहरू समस्या र सवाल बुझ्दै अघि बढ्न कटिबद्ध देखिएका छन् ।

# राधाकृष्ण गाउँ भूमि अधिकार मञ्च

ओखलढुङ्गा जिल्लाको कुन्तादेवी गाविसमा गठन भएको राधाकृष्ण गाउँ भूमि अधिकार मञ्चमा २१ जना भूमि अधिकारबाट वञ्चितहरू, साना किसानहरू सङ्गठित छन् । मञ्चमा नियमित बैठक बस्ने र भूमि तथा कृषि अधिकारको विषयमा छलफल हुने गर्छ । मञ्चद्वारा हुने आन्दोलनका लागि आवश्यक खर्च जोहो गर्न हरेक महिनामा आन्दोलन कोषका लागि बचतसमेत गर्ने गर्छन् । मञ्च गठन भएयता २ हजार १ सय २५ रुपियाँ कोषमा जम्मा भएको छ ।

मञ्चमा नियमित छलफल सम्वांद र सङ्गठनलाई परिचालन र सहजीकरणका लागि दुई अगुवा कार्यकता छनौट गरिएको छ ।

कृषि वन पद्धतिद्वारा सामुदायिक भूमि सुधार तालिम लिएपछि मञ्चका सदस्यले गाउँमा प्रशस्त पानी नभए पनि तरकारी तथा फलफूल लगाएर आम्दानी बढाउने र आफ्नो गाउँलाई हरियाली बनाउने अठोट लिएका छन् । पानीको स्रोत खोजी बाँध्नै रहेको जमिनमा तरकारी र घाँस खेती गर्न सङ्गठनमा छलफल गरी उनीहरू यसैतर्फ लागिपरेका छन् ।

पानी जति घरधुरीलाई पुग्छ, त्यतिमा तरकारी खेती गर्ने र पानी नपुग्ने ठाउँमा डाले घाँस तथा भुँइ घाँस लगाएर आम्दानी बढाउने योजनाका साथ मञ्चका सदस्य लागिपरेका छन् । गाउँ मञ्चलाई नमुनाको रूपमा देखाउन मञ्चका सदस्यहरू व्यवसायमा पनि लाग्ने र भूमि अधिकार आन्दोलनमा पनि सँगै सहभागी हुने अठोटका साथ लागिपरेका छन् ।

# भूमि शिविर सम्पन्न

जिल्ला भूमि अधिकार मञ्च सुनसरीको फागुन १७ मा इटहरी-३ वौकाभ्कोडामा भूमि शिविर भयो । भूमि अधिकार मञ्चमा सङ्गठित ७५ जनाको सहभागिता रहेको शिविरमा भूमिहीन किसानको इटहरी-३ स्थित सरस्वती मावि वौकाले २०३० सालदेखि २०३८ सालसम्ममा पटकपटक गरी २२ विघा जमिन विद्यालयले आफ्नो नाममा दर्ता गरेको विषयलाई केन्द्रविन्दु बनाई उठान गरिएको छ ।

विद्यालयले दर्ता गरेको जग्गामा सोही गाउँका १९ घर परिवार २०२५ सालदेखि बस्दै आइरहेका छन् । किसानले भ्काडी क्षेत्रलाई बिराएर खेती गर्दै आएका थिए । आफूहरूले जोतभोग गरी आइरहेको जमिन एक्कासि विद्यालयले लिई उल्टै किसानलाई खेतीको ठेक्का अधिया बुभ्काउनका लागि चिठी काटेपछि किसान समस्यामा परेका हुन् ।

आफ्नो जमिन विद्यालयले हस्तक्षेप गरेको हुनाले बाली बुभ्काउन नमानेका किसानलाई विद्यालयले प्रहरी लगाई उनीहरूको घर भत्काउने, चौकीमा लगेर थुन्नेसमेतको ज्यादति गर्न थालेपछि बौकाभ्कोडाका किसानले सुनसरी जिल्ला अदालतमा २०६८ असार ७ गते सामूहिकरूपमा दर्ता बदर यथावत् कायम गरिपाउँ भनी मुद्दा हालेका छन् । शिविरबाट ३२ जना किसान परिवार सङ्गठित भई भूमि अधिकार मञ्चको सदस्यता लिई आफ्नो भूमि हक लिइछाड्ने अठोट गरेका छन् । विद्यालयले गरिब किसानमाथि गरेको ज्यादतिलाई भूमि अधिकार मञ्चको अगुवाईमा न्याय दिलाउने मञ्चका अध्यक्ष शिवनारायण भण्डारीले अठोट गरेका छन् ।

किसानले कमाइरहेको जग्गामा विद्यालयको हस्तक्षेपविरुद्ध के गर्ने, मोही बेदखलीका लागि के गर्ने भन्ने विषयमा शिविरबाट योजनासमेत बनेको छ ।

शिविरको सहजीकरण क्षेत्रीय संयोजक शैलेन्द्र राई, सुनसरी जिल्ला संयोजक पुष्कर घिमिरे, मञ्चका अभियानकर्मी श्रीनारायण चौधरीलगायत्ले गरेका थिए ।

## संयुक्त पूर्जा बनाउने जोडी सम्मानित

संयुक्त जग्गाधनी पूर्जा बनाउने ओखलढुङ्गाका १२ जोडी सम्मानित भएका छन् । जिल्ला विकास समिति ओखलढुङ्गाको सभा हलमा भएको कार्यक्रमका अवसरमा संयुक्त पूर्जा बनाउने जोडीलाई सम्मानित गरिएको हो ।

निमित्त स्थानीय विकास अधिकारी शिवराज प्रधान र अन्तरपार्टी महिला सञ्जालकी अध्यक्ष चम्पा कार्कीले संयुक्त जग्गाधनी पूर्जा बनाउने जोडीलाई सम्मान गर्नुभएको हो । भूमिअभियानमा सङ्गठीत भई संयुक्त जग्गाधनी पूर्जा बनाउने जोडीलाई दोसल्ला ओडाई अभिनन्दन गरिएको छ ।

संयुक्त जग्गाधनी पूर्जा बनाउन अभियानको क्रममा मालपोत लिखत निःशुल्क रुपमा सहयोग गर्ने लेखन्दास इन्द्रबहादुर कटुवाललाई पनि सम्मान गरिएको छ ।

भूमि अधिकार मञ्चले जिल्लामा नै पहिलो पटक संयुक्त जग्गाधनी पूर्जा बनाउने अभियान ल्याएकोमा खुशी व्यक्त गर्दै विभिन्न संस्थाले यस्तो कार्यमा सक्दो सहयोग उपलब्ध गराउने बताएका थिए ।

## बारामा अगुवा प्रशिक्षण

जिल्ला भूमि अधिकार मञ्च, बाराको अगुवा प्रशिक्षण भएको छ । फागुनको २५ र २६ गते हरैया गाविस- ३ मटियानीमा भएको प्रशिक्षणमा ११ गाविसमा सङ्गठीत गाउँ मञ्चका ६५ अगुवा कार्यकर्ताको सहभगिता थियो ।

प्रशिक्षणमा महिलाको भूमि अधिकार, भूमि अधिकारका सवालहरू र त्यसको समाधानका लागि गरिनुपर्ने आन्दोलन र अभियानहरू, मञ्चको विधान बारे जानकारी, संयुक्त पुर्जाको आवश्यकता, आन्दोलन कोषको आवश्यकता तथा व्यवस्थापन, भूमि नहुँदाको पीडा, समाजले भूमिहीनलाई हेर्ने दृष्टिकोण जस्ता विषयमा सहजीकरण भएको छ ।

प्रशिक्षणको सहजीकरण मञ्चका अध्यक्ष रमेशकुमार सापकोटा र कार्यालय सचिव सुनिता रिसालले गरेका थिए ।

## सहकारी दर्ता

जिल्ला भूमि अधिकार मञ्च नुवाकोटको गोर्स्याङ गाविस-७ मा गठित दुई गाउँ भूमि अधिकार मञ्चका सदस्य सङ्गठित भई सहकारी गठन गरी दर्ता गरेका छन् । कालिमाटी छापदाङ कृषि सहकारी संस्था गठन भई सहकारी डिभिजन कार्यालय विदुर, नुवाकोटमा दर्ता भएको छ ।

चुडामणि गजुरेलको अध्यक्षतामा गठन भएको सहकारीमा ३५ (७ महिला, २८ पुरूष) सदस्य सङ्गठित छन् । सहकारीको प्रतिसदस्य शेयर शुल्क १ हजारका दरले ३५ हजार र प्रवेश शुल्क ३ हजार ५ सय सहित ३८ हजार ५ सय जम्मा भएको छ ।

## सहकारी कुत सङ्कलन अभियान

जिल्ला भूमि अधिकार मञ्च सिन्धुपाल्चोकका किसानहरूले जग्गाधनीलाई दिनुपर्ने कुत उनीहरूलाई नदिई सहकारीमा सङ्कलन गर्ने अभियान थालेका छन् । कुत बुझाउँदा जग्गाधनीले भर्पाइ नदिएपछि आजित भएका किसानले भर्पाइबिना कुत रोकौं अभियानसँगै जग्गाधनीले भर्पाइ नदिएपछि मोही किसानले आफुले बुझाउनुपर्ने कुत जयबागेश्वरी सहकारी संस्थामा सङ्कलन गर्न थालेका छन् ।

किउल गाविस १ का मोही किसान राजकुमार विकले ५ मुरी धान र वडा नं. ६ वर्षाडका मोही किसान निमा लामाले ३ मुरी कोदो जग्गाधनीलाई नदिई सहकारी संस्थामा सङ्कलन गरेका छन् ।

## भर्पाइ अभियान भेला

जिल्ला भूमि अधिकार मञ्च झापाले अनारमनी गाउँ भूमि अधिकार मञ्चका जोताहाहरूले 'कुत बुझाउँ, भर्पाइ लिऊँ' भन्ने नाराका साथ भर्पाइ अभियान भेला गरेको छ ।

वर्षौंसम्म जोतभोग गरेको जग्गाको स्वामित्व नपाइरहेको अवस्थामा कुत बुझाएको जमिनको समेत भर्पाइ नपाएपछि किसानहरूले भर्पाइ लिऊँ भन्ने सन्देश दिन अभियानको अयोजना गरेका हुन ।

भेलामा राजनीतिक दलका स्थानीय प्रतिनिधिहरूको सहभागिता थियो। जोताहाहरूले आफ्नो अधिकारबारे कुनै पनि निकायले वास्ता नगरेको तथा सरकारले मञ्चसँग २०६५ साल मङ्सिर १४ गते भूमिहीनहरूको अधिकार बारे सहमती गरेको तर कार्यान्वयन नगरेकोप्रति गुनासो राखेका छन्। राजनीतिक दलका प्रतिनिधिहरुले जोताहाको मागप्रति ऐक्यबद्धता जनाउँदै भेलामा भएका कुराहरू दलको बैठकमा पुऱ्याउने बताएका र अभियानमा सहयोग गर्ने बताए ।

## उखडा जग्गा दर्ता गर्न निवेदन पेश

उखडा जग्गा जोताहको नाममा दर्ता गर्नका लागि रुपन्देहीमा २ सय पचास र नवलपरासीमा ३ सय  किसानले जिल्ला मालपोत कार्यालयमा निवेदन पेश गरेका छन् ।

मालपोत कार्यालयमा पेश गरेको निवदेनअनुसार आवश्यक काम कारबाही मालपोत र नापी कार्यालयले अगाडि बढाइरहेको छ ।

रुपन्देहीमा उखडा विशेष अदालतले फैसला गरेको निवेदन छानबिन गरी ४ घर परिवार किसानले लालपूर्जा प्राप्त गरिसकेका छन् ।

उखडा जग्गा दर्ता गर्नका लागि जिल्ला भूमि अधिकार मञ्च नवलपरासी, कपिलवस्तु र रुपन्देहीले २०६१ सालदेखि जिल्लादेखि केन्द्रीय स्तरसम्म डेलिगेसन जाने, जिल्ला स्तरमा सरोकारवाहरुसँग छलफल गर्ने र मालपोत कार्यालयमा पटकपटक धर्ना दिएका थिए ।

## कृषि वन तालिम

जिल्ला भूमि अधिकार मञ्च खोटाङका किसानको सहभागितामा कृषिवन पद्धतिबारे तालिम भएको छ । कृषिवन पद्धतिद्वारा सामुदायिक भूमि सुधार गर्न हलेसीमा कृषकलाई तालिम आयोजना भएको हो ।

चैत १७ देखि २१ सम्म भएको तालिममा २२ गाउँ भूमि अधिकार मञ्चका २९



कृषकको सहभागिता थियो । तालिमको सहजीकरण कृषि सहजकर्ता रामजी ढकालले गर्नुभयो । सामुदायिक भूमि सुधार भनेको के हो ? कृषि वन भनेको के हो ? हाम्रा खेतपातीमा कसरी कृषि वन पद्धति अवलम्बन गर्न सकिन्छ, भूउपयोग भनेको के हो र कसरी गर्ने ? भन्नेबारे जैविक पद्धतिद्वारा कृषि विकास तथा व्यवस्थापन गर्न कृषकलाई अभ्यासद्वारा सिकाइएको छ ।

## डेलिगेसन

जिल्ला भूमि अधिकार मञ्च पाल्पाका प्रतिनिधि छुट जग्गा दर्ता गरिदिनका लागि मालपोत कार्यालयमा डेलिगेसन गएका छन् ।

तानसेन नगरपालिका-१४ कुन्सरेको छुटका जग्गा दर्ताका लागि भूमि सुधार व्यवस्था विभागले मालपोत कार्यालय पाल्पामा पत्राचार गरेको थियो ।

मालपोत कार्यालयले चासो नदिएपछि जिल्ला मञ्चले डेलिगेसन गई छलफल गरेको छ। मालपोत प्रमुखले छुट दर्ताका लागि यो कार्य मालपोतले नभई मन्त्री परिषद्को निर्णय अथवा सुकुम्बासी आयोगले मात्र गर्न सक्ने जानकारी दिएका थिए ।

## कानुनी तालिम

जिल्ला भूमि अधिकार मञ्च, दाङका अभियानकर्ताहरूलाई मोहीसम्बन्धी आवश्यक र जान्नैपर्ने कुराहरुको विषयमा कानुनी तालिम दिइएको छ ।

मोहीको हक प्राप्त हुने र नहुने अवस्था, मोहियानी हकको समाप्ती, हक कायम र हने अवस्था, बेदखलीको कानुनी उपाय, जिल्लामा रहेका मोहीहरुको अवस्था साथै मोही अभियानको विषयमा जिल्ला बार एसोसिएसनका उपाध्यक्ष अजीत आर्चायले सहजीकरण गर्नुभएको थियो ।

तालिममा ४७ (महिला ११) अभियाकर्मीको सहभागिता थियो ।

# पाठक प्रतिक्रिया

## • व्यवहारमा ल्याउन गाह्रो

२०६९ पुस, अङ्क ३१ मा प्रकाशित 'भूमि नीतिले ध्यान दिनुपर्ने पक्षहरू' लेख राम्रो लाग्यो। लेखेमा वास्तविकता छर्लङ्ग छ, तर लेखिएअनुसार व्यवहारमा ल्याउन नेपालको कानुन फितलो छ । जसको हातमा शक्ति छ, पहुँच छ, उसलाई नीति नै चाहिन्न । अक्षरका आकार, इकार मिलाएर बोल्दा भइहाल्छ । जो गाउँका सुकम्बासी, भूमिपीडित छन्, उनीहरूले केही गर्न खोजे, आफ्नो अधिकारको कुरा बोले भने त्यसका लागि अख्तियारी नै छैन, कानुन नै छैन भनेर गरिबलाई झन् पीडा थपिन्छ। अनि कहिले राम्रा कुराको कार्यान्वयन होला त ? लेखकले दिएका सल्लाह सुझाव पढ्दा लाग्ला भावनासँग बगेको तर वास्तविकता लुक्दैन् । यथार्थ जे लेखेको छ, त्यही हो। त्यसैले सबैलाई यो लेख पढेर एकछिन सोच्न अनुरोध गर्छु

**रीता श्रेष्ठ**
**ओखलढुङ्गा**

## • अध्ययनले ज्ञान दिंदो रहेछ

अहिंसात्मक आन्दोलन नामको पुस्तक पढेँ। यसले अहिंसा भनेको के हो ? भन्ने विषयमा स्पष्ट हुने ज्ञान पाइयो । सामाजिक आन्दोलनको अगुवाई गर्नेहरूलाई यसले धेरै कुरा सिकाउँछ। आन्दोलन लक्ष्य प्राप्तिका लागि केही समय गर्ने क्रियाकलापको शृङ्खला हो भने अहिंसा भनेको हिंसा ननिम्त्याउने प्रक्रिया हो । अहिंसा भनेको आन्दोलनको बेला आफ्नो तर्फबाट संयमता अपनाउने हो तर विपक्षीको दमन सहेर बस्ने भन्ने होइन । अहिंसालाई कसैले विपक्षीलाई पनि आफ्नो मुद्दामा सहमत गराउने प्रक्रिया भनी तर्क गर्छन् भने कसैले यदि विपक्षीबाट धरपकड भएमा सबै सहभागीले गिरफ्तारी दिने, जेल बस्ने भन्ने जस्ता गतिविधिबाट दबाब दिने बताउँछन्।

अर्कोतिर आन्दोलन आयोजना गर्दा रचनात्मक गतिविधि गरी नयाँ समाज निर्माण गर्ने पनि हो। सामाजिक न्याय, आर्थिक आत्मनिर्भरता र पर्यावरणीय सामञ्जस्यताको व्यापक सङ्घर्षसँग र सहानुभूतिको खोजसँग सम्बन्धित हुन्छ । अहिंसात्मक आन्दोलन भनेको राजनीतिक, सामाजिक, आर्थिक सम्बन्धमार्फत् व्यक्तिगत पहिचान, आत्मनिर्भरता र भयरहित मानसिकता विकास गरी अन्तर आत्माको शक्ति बढाउनु पनि हो ।

अहिंसात्मक आन्दोलनले अगुवा कार्यकर्ताको ज्ञान वृद्धि गराई समाजमा रहेका हिंसा, सामाजिक बहिष्करण, शोषण, दमन, वञ्चितीकरण जस्ता अन्यायपूर्ण व्यवहार सहनुहुँदैन भन्नेतर्फ जनतालाई जागृत गराउँछ । यसले नयाँ विचार निर्माण गर्न, त्यसको प्रयोग गर्न, अनुभवहरूको विश्लेषण गर्न, मूल्याङ्कन गर्न र सहभागीबीच मतैक्यता ल्याउन सहज र सुरक्षित वातावरण बनाउन मद्दत गर्छ। एकसाथ मिलेर काम गर्ने प्रेरणा प्रदान गर्छ। आन्दोलनकारीको कार्यकौशलता, रणनीतिक सोच र सहभागीहरूको प्रतिबद्धताले यसलाई सफल तुल्याउँछ।

**खुशीराम चौधरी**
**कैलाली**

## • महत्वपूर्ण लेख

कल्पना कार्कीद्वारा लिखित 'भूमि अधिकार आन्दोलनको दिगो आधार शीर्षकको लेख महत्वपूर्ण लाग्यो। लेखमा समावेश समसामयिक परिस्थिति हाम्रो समाजमा देखा पहिरहेको र हामीले भोगिर हनुपर्ने छ। जुनसुकै कार्यक्रम, बैठक, गोष्ठी र छलफलमा दलित र गरिबहरु छुटिहाल्छन्। यदि समेटिहाले पनि उनीहरुले आफनो कुरा राख्ने मौका पाउँदैनन् । राखेको कुरा पनि बीचैमा हराउँछन्, चासो दिइँदैन् ।

लेख पढेपछि महत्वपूर्ण सिकाई भएको छ। अठोट गरे काम पूरा हुन्छ। कैलालीको धनगढी नगरपालिका तिल्किमा गाउँ मञ्चमा ३३ घर परिवार सङ्गठित छन्। महिलाले भूमि घर बनाउनका लागि सामुदायिक वनसँग जग्गा र काठ माग्ने निर्णय गरे तर सो कुराको सुनुवाई भएन । त्यसपछि उनीहरुले फेरि अर्को निर्णय गरे कि त हामीलाई सामुदायिक वन छुट्याइदिनुपर्‍यो हैन भने ठीक हुन्न। त्यसो भनेपछि बाध्य भएर जग्गा र काठ दुवै उपलब्ध भयो। अनि भूमि घर निर्माण भयो । यो कामले जहाँ इच्छा, त्यहाँ उपाय भन्नेसावित गरेको छ ।

**शान्तिनाथ अधिकारी,**
**अभियानकर्ता ओखलढुङ्गा**

## सूचना

यो पत्रिका तपाईंलाई कस्तो लाग्यो ? तपाईंले पनि भूमि अधिकार वा यो विषयसँग सम्बन्धित केही लेख्नुभएको छ ? तपाईंका गाउँठाउँमा पनि भूमिसम्बन्धी समस्या छन् ? हामीलाई पठाउनुहोस्। छोटा, मीठा र स्तरीय तथा गाउँघरका समस्याले प्राथमिकता पाउनेछन् । तपाईले पठाएको सामग्रीसँग सम्बन्धित तस्बिर छन् भने त झनै राम्रो ।

पठाउने ठेगाना : सामुदायिक आत्मनिर्भर सेवा केन्द्र,
भूमि घर, धापासी, फोन नं. : ४३६०४८६, ४३५७००५
फ्याक्स : ४३५७०३३, पो.ब.नं. : १९७९०
ईमेल : landrights@csrcnepal.org

# राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल

## आचारसंहिता-२०६९

सङ्गठनको छवि निर्माण र स्वयम् व्यक्ति एवम् परिवारको उन्नतिका लागि सदस्यको व्यवहार र आचरण महत्वपूर्ण हुन्छ । असल सङ्गठनको पहिचान असल कार्यकर्ताले दिन्छन् । सङ्गठनको लक्ष्य, उद्देश्य र कार्यक्रम जतिसुकै राम्रो भए पनि त्यसका सदस्य असल भएनन् भने त्यो प्राप्त गर्न सकिँदैन । सचेत, अनुशासित, प्रतिबद्ध र इमानदार सदस्य भूमि अधिकार आन्दोलन सफलताको आधार हो । हामी सबै सदस्य आचारसंहिता पालना गर्न प्रतिबद्ध छौं ।

१. अनुशासन, एकता, साहस, कडा मेहनत र सङ्घर्षलाई हामी जीवनको हरेक पाइलामा अपनाउनेछौं ।
२. घरमा सुख, हाँसो र समृद्धिका लागि सदैव लागिरहनेछौं ।
३. जतिसक्दो सुरक्षित घर तयार पार्नेछौं । मर्मत गर्नेछौं र सफा राख्नेछौं ।
४. घरवरपरका जग्गा बाँझो राख्ने छैनौं । वर्षभरका लागि विभिन्न प्रकारका तरकारी लगाउँछौं । आवश्यक तरकारी खान्छौं र बढी भएमा बेच्छौं ।
५. खेतीपातीको सिजनमा जतिसक्दो बढी खेती गर्छौं । बीउ जोगाउँछौं ।
६. परिवारलाई सकेसम्म सानो बनाउँछौं । अनावश्यक खर्च गर्दैनौं । स्वास्थ्य ख्याल गर्छौं ।
७. आफ्नो बच्चालाई पढाउँछौं र उनीहरुले केही कमाउन सक्ने स्थितिमा पुऱ्याउँछौं ।
८. घरवरिपरिको वातावरण सफा राख्छौं । बच्चालाई पनि सफा राख्छौं । अन्याय सहदैंनौ । झुटो बोल्दैनौं ।
९. सरल शौचालय बनाउँछौं र त्यसको उपयोग गर्छौं ।
१०. स्वच्छ र सुरक्षित पानीमात्र पिउँछौं ।
११. दाइजो लिने/दिने छैनौं । बालविवाह र बहुविवाह गर्ने छैनौं ।
१२. परिवार, समुदाय र आन्दोलनभित्र महिलालाई कुनै पनि प्रकारको हिंसा गर्ने छैनौं ।
१३. अन्याय, शोषण गर्न दिने छैनौं र गर्ने पनि छैनौं ।
१४. सामूहिकरूपमा सहकारी बनाएर विभिन्न उद्यम गरेर उत्पादन बढाउने काममा लाग्छौं । हरेक कामलाई उत्पादनसँग जोड्छौं । भएको सीप प्रयोग गर्छौं । नयाँ सीप विकासमा ध्यान दिन्छौं ।
१५. एकआपसमा सहयोगी व्यवहार गर्छौं । कोहीलाई अप्ठ्यारो परेमा सबै मिलेर सघाउँछौं ।
१६. हामी हरेक कुरा शिष्ट ढङ्गबाट राख्छौं । आत्मआलोचनाको प्रक्रियामा स्वस्थ ढङ्गले सहभागी हुने र त्यसको महसुसीकरण र निर्णयलाई पूर्णतः आत्मसात गर्नेछौं ।
१७. कुनै पनि सङ्गठनमा अनुशासन उल्लङ्घन भयो भने हामी अन्य सङ्गठनबाट गएर त्यसलाई पुनर्स्थापना गर्छौं ।
१८. हरेक सामाजिक गतिविधिमा सक्रियपूर्वक भाग लिन्छौं ।
१९. जाति, भाषा, वर्ग, लिङ्ग, क्षेत्रको आधारमा भेदभाव नगरी सबैलाई सम्मान गर्छौं ।
२०. समस्यालाई सामूहिकीकरण गरी समाधानका उपाय पहिल्याउँछौं ।
२१. सङ्गठनको निर्णय विपरीत बोल्दैनौं । सङ्गठनको विधान र नीति-नियम पूर्णतः पालना गर्नेछौं ।
२२. हरेक काममा समयको पूर्ण पालना गर्छौं ।
२३. हामी कुनै पनि प्रकारको छुवाछुत गर्ने छैनौं ।
२४. आन्दोलन र सङ्गठनको कामलाई दलीयकरण गर्ने छैनौं ।

(राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालको २०६९ असोज १० र ११ गते सम्पन्न तेस्रो परिषद्द्वारा पारित)